Secure Livelihoods Research Consortium

द्वन्द्व प्रभावित जीविकोपार्जन र सेवाहरूमा अनुसन्धान

# रोल्पामा खानेपानी सेवा र सेवाग्राहीको राज्यप्रतिको दृष्टिकोण




कार्यपत्र ३५

गोपीकेश आचार्य, विष्णुराज उप्रेती, सुमनवाबु पौडेल, अनल तण्डुकार र पाउल हार्भे

अनुवादः गोपीकेश आचार्य र विष्णुराज उप्रेती

नेपाली भाषा शुद्धीकरणः शार्दूल भट्टराई

२०७२

Nepal Center for Contemporary Research

# हाम्रो बारेमा

सुरक्षित जीविकोपार्जन अनुसन्धान कन्सोर्टियम (सेक्योर्ड लाइभ्लिहुड्स रिसर्च कन्सोर्टियम) (एसएलआरसी)ले द्वन्द्व प्रभावित अवस्थामा आममानिस कसरी जीविकोपार्जन गरिरहेकाछन्, आफ्ना सन्तानलाई कसरी शिक्षा दिइरहेकाछन्, उनीहरूको स्वास्थ्यको ख्याल कसरी गरिरहेका छन् र आधारभूत सेवाहरूमा उनीहरूको कस्तो पहुँच छ त भन्ने बारेमा प्रमाणमा आधारित अनुसन्धान गर्ने लक्ष्य राखेको छ। द्वन्द्व प्रभावित अवस्थामा मानव कल्याण गर्नु, सामाजिक सुरक्षा तथा आधारभूत सेवाहरूमा आममानिसको राम्रो पहुँच बनाउनु तथा जीविकोपार्जनमा सहयोग गर्नु आदिले सहस्राब्दी विकास लक्ष्य (एमडिजी)ले राखेको विकास लक्ष्य प्राप्त गर्न र शान्ति तथा राज्य-निर्माणमा अन्तर्राष्ट्रिय प्रयासलाई सार्थक बनाउनमा अत्यन्तै महत्व राख्छन्।

कार्यक्रमको शुरूआती वर्षमा गरेको गहन अध्ययनअनुरूप एसएलआरसीका तीनवटा मूल विषयवस्तुहरू छन् :

- राज्यको वैधताः द्वन्द्व प्रभावित अवस्थामा राज्य तथा स्थानीय प्रशासनप्रतिको अनुभव, धारणा तथा अपेक्षा।
- राज्यको क्षमताः द्वन्द्व प्रभावित अवस्थामा सामाजिक सुरक्षा तथा आधारभूत सेवाहरू प्रवाहगर्ने प्रभावकारी राज्यको निर्माण।
- द्वन्द्व प्रभावित अवस्थामा जीविकोपार्जन प्रक्षेप पथ र आर्थिक गतिविधि

समुद्रपार विकास संस्थान (ओभरसिज् डिभलपमन्ट इन्स्टिच्युट-ओडीआई) यस कार्यक्रमको नेतृत्वदायी संस्था हो। एसएलआसी कार्यक्रमका साझेदार संस्थाहरू निम्नअनुसार छन् : नेपाल सेन्टर फर कन्टेम्पोरेरी रिसर्च(एनसिसिआर), सेन्टर फर पुभर्टी एनालाइसिस (सिइपिए)- श्रीलङ्का, फेइन्स्तेइन इन्टरनेशनल सेन्टर (एफआइसी, टफ्ट्स युनिभर्सिटी), द अफगानिस्तान रिसर्चएण्ड इभ्यालुएशन युनिट (एआरइयू), द सस्टेनेवल डिभलपमन्ट पोलिसी इन्स्टिच्युट (एसडिपिआई) - पाकिस्तान, डिजास्टर स्टडिज् अफ वागेनइनगेन युनिर्भसिटी (डब्लुयुआर) - नेदरल्याण्ड्स र द फुड एण्ड एग्रिकल्चर अर्गनाइजेशन (एफएओ)।

सेक्योर लाइभ्लीहुड रिसर्च कन्सोर्टियम
ओभरसिज डिभलपमेन्ट इन्स्टिच्युट
२००३ ब्ल्याकफ्रियर्स रोड,
लन्डन SE1 8NJ, ब्रिटेन

टेलिफोनः +४४ (०)२० ७९२२ ८२२१
फ्याक्सः +४४ (०)२० ७९२२ ०३९९
इमेलः slrc@odi.org.uk
वेबः securelivelihoods.org

अस्वीकारोक्तिः यस अनुसन्धानमा व्यक्त विचारहरू सम्बन्धित लेखकका निजी हुन् र यहाँ प्रस्तुत गरिएका विचारले डिएफआइडी, आइरिस एड, युरोपियन कमिशन, एसएलआरसीका एनसिसिआर लगायतका साझेदार संस्थाहरूका विचारको प्रतिनिधित्व गर्छन् भन्ने छैन। एसएलआरसीका अनुसन्धानले द्वन्द्व प्रभावित अवस्थामा जीविकोपार्जन, सामाजिक सुरक्षा तथा आधारभूत सेवाहरूको प्रवाहजस्ता विषयमा जानकारी तथा विश्लेषण गर्दछन्। एसएलआरसीको यो र यस्तै अन्य अनुसन्धानहरू http://securelivelihoods.org/publications.aspxमा अंग्रेजी भाषामा उपलब्ध छन्।

एसएलआरसी अनुसन्धान प्रतिवेदनहरूलाई आफ्ना प्रकाशन सामाग्रीहरूमा उद्धृत गर्न पाठकहरूलाई पूर्ण स्वतन्त्रता छ। यद्यपि, एसएलआरसीको प्रतिलिपि अधिकार अनुरूप सूचनाको स्रोतको सम्बोधन गर्न र प्रकाशित सामग्रीको एक प्रतिलिपि उपलब्ध गराउन अनुरोध छ।

# विषयसूची


| | पृष्ठ |
|---|---|
| **हाम्रो बारेमा** | **क** |
| **तालिका तथा तथ्याङ्कहरू** | **ख** |
| **१ एसएलआरसी अध्ययनको पृष्ठभूमि तथा परिचय** | **३** |
| **२ विश्लेषणको ढाँचा, अनुसन्धान पद्धति र अध्ययनको रूपरेखा** | **३** |
| २.१ विश्लेषणको ढाँचा | ३ |
| २.२ अनुसन्धान पद्धति | ४ |
| २.३ अध्ययनको रूपरेखा | ५ |
| **३ सन्दर्भ र पृष्ठभूमि** | **५** |
| **४ एसएलआरसीको क्वान्टिटेटिभ सर्वेक्षणबाट प्राप्त निष्कर्ष** | **८** |
| **५ क्वालिटेटिभ सर्वेक्षणबाट प्राप्त निष्कर्ष** | **१२** |
| ५.१ भौतिक पहुँच | १३ |
| ५.२ वित्तीय पहुँच | १७ |
| ५.३ सामाजिक राजनीतिक बाधा/अड्चन | १९ |
| ५.४ प्रशासनिक बाधा/अड्चन | २२ |
| ५.५ आममानिसको अपेक्षा र उनीहरूको स्थानीय तथा केन्द्रीय सरकारप्रतिको दृष्टिकोण | २४ |
| **६ छलफल तथा निष्कर्ष** | **२७** |
| **सन्दर्भ सूची** | **२९** |


# तालिकाहरू र तथ्याङ्कहरू


**तालिकाहरू**

| | |
|---|---|
| तालिका १ : पिउने पानीको गुणस्तर (पानीको स्रोतका लागि को जिम्मेवार छ भन्ने सवालमा) | ९ |

**तथ्याङ्कहरू**

| | | |
|---|---|---|
| तथ्याङ्क १ : | उत्तरदाताहरूको लिङ्ग | ४ |
| तथ्याङ्क २ : | दुई गाविसबाट लिइएका उत्तरदाताको विवरण (लिङ्गका आधारमा) | ५ |
| तथ्याङ्क ३ : | उत्तरदाताको जात/जातीयता | ५ |
| तथ्याङ्क ४ : | सर्वेक्षण गरिएका कूल ७ सय १६ घरधुरीको खानेपानीको मुख्य स्रोत | ८ |
| तथ्याङ्क ५ : | पिउने पानीको सेवामा पहुँच (पानी खेप्नलाग्ने समयका आधारमा) | ८ |
| तथ्याङ्क ६ : | सर्वेक्षण गरिएका कूल ७ सय १६ घरधुरीको पिउने पानीको स्रोतकालागि को जिम्मेवार | ९ |
| तथ्याङ्क ७ : | रोल्पामा पिउने पानीको सेवाको उपलब्धता समग्रतामा (७ सय १६ घरधुरीमा) | १० |
| तथ्याङ्क ८ : | रोल्पामा 'राज्य जिम्मेवार' रहेका पिउने पानीका सेवाहरूको उपलब्धता (३ सय १४ घरधुरीमा) | १० |
| तथ्याङ्क ९ : | रोल्पामा 'निजी/व्यक्तिगतरूपमा जिम्मेवार' रहेका पिउने पानीका सेवाहरूको उपलब्धता (२ सय ७७ घरधुरीमा) | १० |
| तथ्याङ्क १० : | रोल्पामा 'गैर सरकारी संस्था जिम्मेवार' रहेका पिउने पानीका सेवाहरूको उपलब्धता (७७ घरधुरीमा) | ११ |
| तथ्याङ्क ११ : | रोल्पामा 'अन्य क्षेत्र जिम्मेवार' रहेका पिउने पानीका सेवाहरूको उपलब्धता (२० घरधुरीहरूमा) | ११ |
| तथ्याङ्क १२ : | को जिम्मेवार छ भन्ने 'थाहा नभएका' पिउने पानीका सेवाहरूको उपलब्धता (२८ घरधुरीहरूमा) | ११ |
| तथ्याङ्क १३ : | केन्द्रीय सरकारका निर्णयहरूमा आफ्ना प्राथमिकता कतिको पर्छन् भन्नेमा उत्तरदाताको धारणा | १२ |

## १. एसएलआरसीको परिचय, पृष्ठभूमि र उद्देश्य

सुरक्षित जीविकोपार्जन अनुसन्धान कन्सोर्टियम (सेक्योर लाइभ्लीहुड्स रिसर्च कन्सोर्टियम) (एसएलआरसी) विश्वका आठ देशहरूमा लागुभएको ६ वर्षे अनुसन्धान कार्यक्रम हो । यो कार्यक्रम द्वन्द्वप्रभावित अवस्थामा जीविकोपार्जन र आधारभूत सेवाहरूको पहुँचमा केन्द्रित छ । यो अनुसन्धान कार्यक्रमको विविध प्रश्नमध्ये एउटा प्रश्न आधारभूत सेवाहरू कसरी प्रवाह गरिएको छ र राज्यप्रति आममानिसको धारणा कस्तो छ त भन्ने विषयमा केन्द्रित छ । नेपालमा यो प्रश्नलाई रोल्पा, बर्दिया र इलाम जिल्लामा गरिएका लङ्गिच्युड्नल प्यानल सर्वेक्षण र त्यसको परिपूरकका रूपमा गरिएका विभिन्न क्वालिटेटिभ अनुसन्धानहरूबाट सम्बोधन भइरहेको छ । यो अनुसन्धान प्रतिवेदन एसएलआरसी र एनसिसिआरले सन् २०१२मा गरेको लङ्गिच्युड्नल प्यानल सर्वेक्षणबाट प्राप्त तथ्यांकलाई आधार बनाएर तयार गरिएको हो (सम्बन्धित तथ्यांक तथा नतिजाहरू यसै प्रतिवेदनको चौंथो खण्डमा प्रस्तुत गरिएको छ) । यसैगरी, खानेपानी सेवामा आममानिसको पहुँच, खानेपानी सेवामा राज्यको भूमिका र त्यसले राज्य र शासनप्रति आममानिसको धारणामा कसरी प्रभाव पार्दछ भन्ने सवाललाई क्वालिटेटिभ अध्ययनबाट प्राप्त नतिजाका आधारमा विश्लेषण गरिएको छ । नेपालमा एसएलआरसी अन्तर्गतका यी समग्र अनुसन्धान कार्यक्रमलाई एनसिसिआरले लागु गरेको छ ।

खानेपानी, स्वास्थ्य, शिक्षा लगायतका आधारभूत सेवाहरू आफैँमा पनि नीति निर्माणका सवालमा प्राथमिकताका विषय हुन् । नेपालजस्ता द्वन्द्वोत्तर देशमा त झन यी सेवाहरू सुधार तथा विस्तार गर्नुले राज्य–निर्माणमा र राज्यको वैधतामा महत्वपूर्ण योगदान पुऱ्याउँछ । यद्यपि, आधारभूत सेवाहरू उपलब्ध गराउनुले राज्य–निर्माणमा योगदान पुऱ्याउँछ भन्ने अत्यन्तै कम प्रमाणहरू भेटिन्छन् । उपलब्ध सेवाबाट प्राप्त नतिजा, आममानिसको समुन्नति (वेलविइङ्ग) र उनीहरूको सेवा प्रवाहप्रतिको धारणाले राज्यको वैधतामा कसरी प्रभाव पार्दछ भन्ने विषय अझैपनि अध्ययनको एउटा महत्वपूर्ण विषय हो ।

यस अध्ययनको प्रमुख उद्देश्य (क) रोल्पामा खानेपानी आपूर्तिको अवस्था कस्तो छ, र (ख) खानेपानी सेवाकै सवालमा आममानिसको स्थानीय र केन्द्रीय सरकारप्रति कस्तो धारणा रहेको छ त भन्ने कुराको मूल्याङ्कन गर्नु हो । यही उद्देश्यका साथ यो अनुसन्धान प्रतिवेदनले एसएलआरसीको सेवाप्रवाह र राज्य–निर्माण सम्बन्धी मुख्य अनुसन्धान विषयमा योगदान पुऱ्याउने अभिप्राय राखेको छ । रोल्पा जिल्लामा गरिएका विभिन्न किसिमका ५२ वटा गहन अन्तर्वार्ता र केही प्रमुख सूचनादाताहरूसँग गरिएका अन्तर्वार्ता आदिमार्फत खानेपानी सेवा/प्रबन्धको पहुँच, प्रभाव र जवाफदेहिता जस्ता विषयहरूलाई यस अध्ययनमा विश्लेषण गरिएको छ ।

## २ विश्लेषणको ढाँचा, अनुसन्धान पद्धति र अध्ययनको रूपरेखा

### २.१ विश्लेषणको ढाँचा

एसएलआरसी अध्ययनले गरेको परिकल्पना अनुसार, सेवाप्रवाहप्रति आममानिसको अनुभव जतिधेरै सकारात्मक हुन्छ, राज्यप्रतिको उनीहरूको धारणा पनि त्यति नै धेरै सकारात्मक हुन्छ । यही परिकल्पनाको वरपर रहेर हामीले विभिन्न सामाजिक र जनसाङ्ख्यिकी विशेषताहरू भएका मानिसहरूसँग व्यक्तिगत तवरमा उनीहरूको धारणा बुझ्न अध्ययनको खाका तयार गऱ्यौं । आममानिसको खानेपानी सेवामा भौतिक, वित्तीय र सामाजिक–राजनीतिक पहुँच कस्तो छ र उनीहरूले अनुभव गरेका प्रशासनिक बाधा–अड्चनहरू कस्ता छन् भन्ने बारेमा यस अध्ययनले विश्लेषण गर्दछ ।

- **भौतिक पहुँच** – खानेपानी सेवाको उपलब्धता, खानेपानीको स्रोतसम्मको दूरी र खानेपानी खेप्नलाग्ने समयले सेवाको पहुँचमा पार्ने प्रभाव ।
- **वित्तीय पहुँच** – सेवावापतको शुल्क (धारा जडानमा औपचारिक/अनौपचारिक र अप्रत्यक्ष शुल्क, मासिक सेवा शुल्क र मर्मतका नाममा गर्नुपर्ने श्रमदान तथा अन्य किसिमका भुक्तानी)ले आममानिसको सेवाको पहुँचमा पार्ने बाधा–व्यवधान ।


- **सामाजिक राजनीतिक बाधा/अड्चन** – लिङ्ग, जात/जाति, धर्म तथा राजनीतिका आधारमा गरिने भेदभावले सेवाको पहुँचमा पार्ने बाधा–व्यवधान ।
- **प्रशासनिक बाधा/अड्चन** – प्रशासनिक अवरोधहरू, भ्रष्टाचार तथा लालफिताशाहीतन्त्रले सेवाको पहुँचमा पार्ने बाधा–व्यवधान ।

## २.२ अनुसन्धान पद्धति

यसएलआरसी र एनसिसिआरले सन् २०१२ मा रोल्पा, बर्दिया र इलाम जिल्लामा करिव ३ हजार १ सय ७५ घरधुरीमा गरेको लङ्गिच्युड्नल सर्वेक्षणपश्चात स्थानीय परिवेश, लैङ्गिकता, जात/जाति, धर्म र विकासको स्तर आदिलाई आधार बनाएर गरिएको अध्ययन (उप्रेती र अन्य, २०१४)बाट प्राप्त नतिजाहरूले नै यो क्वालिटेटिभ अध्ययनको बाटो खोलेका हुन् ।



सन् २०१३ मा लागु गरिएको यस क्वालिटेटिभ अध्ययनकालागि हामीले रोल्पाको बुढागाउँ गाउँ विकास समिति (गाविस) र लिवाङ्ग गाविस (हालको लिवाङ्ग नगरपालिका)लाई छनौट गर्‍यौं । सन् २०१२मा गरिएको लङ्गिच्युड्नल सर्वेक्षणमा यी दुई गाविस पनि समाहित थिए र प्राप्त नतिजाले पनि यस पछिल्लो अध्ययनको क्षेत्र निर्धारणमा आधार तय गर्‍यो । राज्य तथा अन्य निकायबाट उपलब्ध गराइएका खानेपानी सेवाहरूप्रति उत्तरदाताहरूको धारणा, अनुभव र दृष्टिकोणमा केन्द्रित भएर हामीले गहन अन्तर्वार्ताहरू लियौं । खानेपानी व्यवस्थापन समिति लगायतका सरोकारवालाहरूसँग पनि हामीले अन्तर्वार्ता लियौं जसले अध्ययनलाई धेरै नै सघाए । अन्तर्वार्ता लिइएका करिव ५२ घरधुरीमा करिव आधा उत्तरदाता महिलाहरू थिए (तथ्याङ्क १ मा हेर्नुहोस्) । गहन अन्तर्वार्ताकालागि लिवाङ्गबाट २९ जना उत्तरदातालाई लियौं भने बुढागाउँबाट २३ जना उत्तरदाता लियौं (तथ्याङ्क २ मा हेर्नुहोस्)। कूल उत्तरदातामध्ये २३ जना ब्राह्मण/क्षत्री, १७ जना जनजाति र १२ जना दलित[1] समावेश थिए (तथ्याङ्क ३ मा हेर्नुहोस्) ।

**तथ्याङ्क १: उत्तरदाताहरूको लिङ्ग**




*फिल्ड सर्वेक्षण (२०१३)*

[1] नेपालमा कानुनले विभेदको अन्त्य गरेको भनिए पनि सामान्यतया ब्राह्मण/क्षत्रीहरूलाई माथिल्लो जात र दलितलाई तल्लो जातको रूपमा हेरिएको पाइन्छ ।

| तथ्याङ्क २: दुई गाविसबाट लिइएको उत्तरदाताको विवरण (लिङ्गका आधारमा) | तथ्याङ्क ३: उत्तरदाताको जाति/जातीयता (प्रतिशतमा) |
|---|---|
|  |  |





*फिल्ड सर्वेक्षण (२०१३)*

हामीले यस अध्ययनकालागि लिइएका अन्तर्वार्ताहरू र कार्यक्षेत्रमा लिइएका टिपोटहरूको वर्गीकरण गर्‍यौं र प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई केही खुल्ला विषयवस्तु/शीर्षकहरू निर्धारण गरेर विश्लेषणकालागि तयार गर्‍यौं।

यस अध्ययनका केही सीमाहरू छन्, जस्तो कि, यो अध्ययनले रोल्पाका दुई गाविसको प्रतिनिधित्व गर्दछ। त्यसकारण यो अध्ययनले अन्य जिल्लाहरूको प्रतिनिधित्व नगर्नसक्छ । यद्यपि, यो अध्ययनलाई खानेपानी सेवा प्रवाहको प्रावधानमा महत्वपूर्ण हुनेगरी तयार गरिएको छ, त्यसैले अन्य अध्ययन तथा छलफलकालागि पनि यो अनुसन्धान अवश्यनै उपयोगी रहेको छ।

## २.३ अध्ययनको रूपरेखा

यस अनुसन्धान प्रतिवेदनलाई विभिन्न सातवटा खण्डमा विभाजन गरिएको छ। पहिलो खण्डले यस अध्ययनको प्रकृति चित्रण गर्छ र अध्ययनलाई एसएलआरसीको अध्ययनका विषयअनुसारको ढाँचा तयार गर्दछ। दोस्रो खण्डमा यस अध्ययनको विश्लेषणको ढाँचा, अनुसन्धान पद्धति र अध्ययनको रूपरेखाका बारेमा व्याख्या गरिएको छ। यस प्रतिवेदनको तेस्रो खण्डमा नेपालमा खानेपानी सेवाको सन्दर्भ र पृष्ठभूमिका बारेमा छलफल गरिएकोछ। चौथो खण्डमा सन् २०१२मा गरिएको लङ्गिच्युड्नल सर्वेक्षणबाट प्राप्त नतिजाहरूको संक्षिप्त अवलोकन प्रस्तुत गरिएको छ। क्वालिटेटिभ सर्वेक्षणबाट प्राप्त नतिजालाई यस प्रतिवेदनको पाँचौ खण्डमा प्रस्तुत गरिएको छ, जहाँ भौतिक पहुँच, वित्तीय पहुँच, सामाजिक राजनीतिक बाधा/अड्चन तथा प्रशासनिक बाधा/अड्चन जस्ता उपखण्ड बनाएर छुट्टाछुट्टै विश्लेषण गरिएको छ। यसैगरी, छैटौं खण्डमा स्थानीय तथा केन्द्रीय सरकारप्रतिको आम धारणाका बारेमा प्रस्तुत गरिएको छ। र अन्त्यमा, यस प्रतिवेदनको सातौं खण्डमा विस्तारित छलफलसहित समग्र अध्ययनको निचोड प्रस्तुत गरिएको छ।

# ३. सन्दर्भ र पृष्ठभूमि

सन् १९९२ मा भएको संयुक्त राष्ट्र संघको पर्यावरण र विकास सम्मेलनले 'किफायती मूल्यमा स्वच्छ पानी र सरसफाइमा पहुँच प्राप्तगर्नु सम्पूर्ण मानव जातिको आधारभूत अधिकार' भएको निचोड निकालेको थियो (युएनसिइडी, १९९२)। यसैगरी, नेपालको जलस्रोत रणनीति २०५८ (सन् २००२)का अनुसार 'हरेक नेपाली नागरिकले उचित लागतमा अहिले र भविष्यमा पनि सुरक्षित खानेपानी र उपयुक्त सरसफाइमा पहुँच लगायत खाना र ऊर्जा उत्पादन गर्न पर्याप्त पानीमा पहुँच प्राप्त गर्नुपर्दछ' भनेको छ (जलस्रोत मन्त्रालय, २००२)।

राज्यले प्रभावकारीरूपमा आधारभूत सेवाहरू प्रवाह गर्न नसक्नु नेपालमा सन् १९९६को द्वन्द्व शुरूआत हुनुको एउटा कारण थियो । तत्पश्चातको दश वर्षे सशस्त्र द्वन्द्वले गर्दा खानेपानी, स्वास्थ्य र शिक्षा आदि सेवामा अपेक्षित विकास हुनसकेन, पारिवारिक तथा सामाजिक सञ्जाल अस्तव्यस्त भए र विकास सहायता पनि कम प्राप्त भयो (अली तथा अन्य, २०११; बेरी र इग्वोइमेका, २००५) । यो सशस्त्र द्वन्द्वको अन्तरालमा जनता र राज्यको सम्बन्धमा टकराव ल्याउन तत्कालीन माओवादी विद्रोहीहरूले राज्यबाट प्रदान गरिएका आधारभूत सेवाहरूको प्रवाहमा अवरोध सिर्जना गरे ।

जब सन् २००६ मा द्वन्द्व समाप्त भयो र बृहत्शान्ति सम्झौता भयो, नेपाल सरकारले समुदायको व्यापक सहभागितासहितको स्थानीय शासन व्यवस्था शुरूआत गर्ने प्रयास गर्‍यो । खानेपानी सेवाको क्षेत्रमा जिल्ला जलस्रोत समिति (डिडब्ल्युआरसी)[२], खानेपानी व्यवस्थापन समिति (डिडब्ल्युएमसी)[३], र खानेपानी उपभोक्ता समिति (डिडब्ल्युयुसी)[४] जस्ता स्थानीय स्वायत्त निकायहरू गठन गर्ने प्रक्रियाको थालनी भयो । सिग्देल र शर्मा (२०१३)ले उल्लेख गरेअनुसार पनि यस्ताखालका स्वायत्त निकायहरू गठन गरिनुले सेवाको क्षमता र स्तर वृद्धि गर्न सहयोग पुगेको र अन्ततः राज्य निर्माणमा योगदान पुगेको देखिन्छ ।

स्थानीय स्वायत्त शासन ऐन (१९९९)मा उल्लेख भएअनुसार गाउँ विकास क्षेत्रमा खानेपानी आपूर्ति, सिँचाइ तथा नदी नियन्त्रण कार्यक्रम र पानीका स्रोतहरूको संरक्षण गर्न गाउँ विकास समिति (गाविस)को कार्यालय जिम्मेवार रहेकोछ । गाविस कार्यालयले डिडब्ल्युआरसी, डिडब्ल्युएमसी, डिडब्ल्युयुसी जस्ता निकायहरूसँग समन्वय गरेर काम गर्दछ । स्थानीय स्वायत्त शासन ऐन[५] ले गाविस, जिल्ला विकास समिति र नगरपालिका जस्ता स्थानीय निकायहरूलाई जलस्रोतको उपयोग, संरक्षण र व्यवस्थापनको सवालमा जिम्मेवारी बाँडफाँड गरेको छ । यसअर्थमा, यो ऐनले स्थानीय निकायहरूलाई नीति निर्माण गर्न, कार्यक्रम लागू गर्न र स्थानीय कर तथा शुल्क प्रणाली अनुरूप राजस्व संकलन गर्नमा सघाऊ पुर्‍याएको छ । यो ऐनले डिडब्ल्युआरसी, डिडब्ल्युएमसी, डिडब्ल्युयुसी जस्ता निकायहरूसँग समन्वय गरेर खानेपानी सेवा शुल्क निर्धारण गर्नकालागि गाविस, जिल्ला विकास समिति र नगरपालिका जस्ता स्थानीय निकायहरूलाई अधिकार प्रदान गरिएको छ ।

यस क्वालिटेटिभ अध्ययनले पत्ता लगाएअनुसार, नेपालमा खानेपानी सेवा प्रदान गर्ने निकायहरू विभिन्न किसिमका छन्, जस्तो कि कहीँ राज्यले सेवा प्रदान गरिरहेको छ त कहीँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी संस्था, सामुदायिक संस्था आदिले सेवा प्रदान गरिरहेकाछन् । सेवाप्रदायकहरूले सेवा प्रदान गर्ने आ–आफ्नै नीति नियम तथा प्रावधानहरू छन् र यसैका आधारमा सेवाप्रदायकहरू केहीले सेवावापत शुल्क लिँदैनन्, केहीले आंशिक शुल्कमात्र लिन्छन् र केहीले संरचनाको मर्मतकालागि भनेर शुल्क उठाउँछन् ।

स्वस्थ रहन र अन्य आधारभूत आवस्यकता परिपूर्ति गर्नकालागि सफा र सुरक्षित खानेपानी पहिलो आवश्यकता हो । सामान्यतया सफा र सुरक्षित खानेपानी भन्नाले पानीमा हुनसक्ने खनिजजन्य तथा जैविक प्रदूषणको परीक्षण गरेर गुणस्तर सुधारिएको पानीलाई बुझिन्छ । यसप्रकार हेर्दा सफा र सुरक्षित खानेपानीलाई 'गुणस्तर सुधारिएको पानी' भनेर पनि बुझ्न सकिन्छ । केन्द्रीय तथ्याङ्क विभाग र युनिसेफ (२०१२ः १८)ले उल्लेख गरेअनुसार 'गुणस्तर सुधारिएको पानी भन्नाले पाइपलाइनबाट वितरण गरिएको पानी (घर, घरको परिसर वा सार्वजनिक स्थानमा), ट्युववेल, इनार, संरक्षित

---

[२] प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठन हुने जिल्ला जलस्रोत समिति जिल्लामा पानी प्रयोगको सवालमा अनुमति प्रदान गर्ने तथा अख्तियारी गर्ने निकाय पनि हो ।

[३] खानेपानी व्यवस्थापन समिति सामान्यतया स्थानीय सरकारमा दर्ता भएको एक निर्वाचित निकाय हो ।

[४] खानेपानी उपभोक्ता समिति स्थानीयतवरमा गठित निकाय हो, जसमा उपभोक्ताहरुकै सवालको प्रतिनिधित्व गर्नेगरी उपभोक्ताहरु नै सदस्य रहेका हुन्छन ।

[५] स्थानीय स्वायत्त शासन ऐन २०५५ (१९९९) । कानून तथा न्याय मन्त्रालय, श्री पाँचको सरकार, कानुन पुस्तक व्यवस्थापन बोर्डद्वारा प्रकाशित ।

झरना र बर्षातमा संकलन गरेको पानी' आदिलाई बुझिन्छ। नेपालका सन्दर्भमा सफा र सुरक्षित खानेपानी सेवा प्रवाहमा कैयन् समस्याहरू देखिएकाछन्। डब्ल्युइसिएस (२०११)का अनुसार, २८ प्रतिशत नेपालीहरूको आधारभूत खानेपानी सेवामा पहुँच छैन र त्यसैगरी ७५ प्रतिशत नेपालीहरू सरसफाइका सेवाबाट वञ्चित छन्। यो अवस्थालाई ग्रामीण र शहरी क्षेत्रका आधारमा हेर्नेहो भने झनै ठुलो अन्तराल देखिन्छ। शहरी क्षेत्रमा यो अवस्था तुलनात्मकरूपमा केही राम्रो देखिएपनि नेपालका धेरैजसो ग्रामीण क्षेत्रमा अझैपनि सफा र सुरक्षित खानेपानी तथा सरसफाइका सेवाहरूको सहज पहुँच छैन। सफा र सुरक्षित खानेपानीको पहुँचमा कमी हुनुले एकातिर जीविकोपार्जनमा कठिनाइ उत्पन्न हुन्छ भने अर्कातिर पानीका कारण लाग्ने धेरै किसिमका रोगहरू फैलन्छ। अन्यकुराहरूलाई छाडेर हेर्दापनि पानीका कारण लाग्ने रोगहरूको उपचारमै पनि नेपालीहरूले ठूलो धनराशि खर्चगर्नुपरेको अवस्था छ। यसैगरी पानी खेप्न लामो समय खर्चिनु पर्ने अवस्थाले पनि धेरैजसो ग्रामीण क्षेत्रका बासिन्दाहरूको जीविकोपार्जन अत्यन्तै कठिन भएको छ।

खानेपानीको मुहानमा हुने प्रदूषण रोक्नु प्रमुख चुनौती बनेको छ। गुणस्तर सुद्धीकरण नगरिएको र स्रोतदेखि नै प्रदूषित पानीको उपभोगले टाइफाइड, हैजा, हेपाटाइटिस र झाडापखलाको संक्रमण बढ्छ। स्रोत नजिक मानव तथा जनावर सिर्जित फोहोर फाल्ने तथा कृषि उत्पादन बढाउने बहानामा जमिनमा कीटनाशक विषादिको बढ्दो प्रयोगले पानीका स्रोतहरू प्रदूषित हुनेक्रम बढ्दो छ। पानी प्रदूषणले वातावरण तथा जैविक विविधताको दिगोपनमा चुनौती थपेको छ। सवारीसाधन मर्मत गर्ने वर्कसप तथा उद्योगहरूबाट निष्कासित ठोस फोहोर र प्रदूषित तथा रसायनयुक्त पानीको निष्कासन आदि कृषि प्रणाली, परिस्थितिजन्य प्रणाली वा समग्रमा वातावरणकै लागि घातक देखिन्छ (युएनडिपी, २००८ः ६८)।

नेपालका सरोकारवालाहरूले यहाँको जलस्रोतको व्यवस्थापन गर्न आफ्नो संस्थागत क्षमता सुदृढ गर्नसकेका छैनन्। रेग्मी (२००७ः ६७-६८)का अनुसार संस्थागत क्षमता सुदृढ गर्न नसकेको यो अवस्था नै जलस्रोतको उपभोग तथा व्यवस्थापनमा भएको असक्षमताको एउटा अतिरिक्त महत्वपूर्ण कारक हो। पानी आपूर्ति कै सवालमा उप्रेती (२००७ः २३)को तर्क छ कि 'उपलब्धता, विश्वसनीयता, समता, र मौसम' मुख्य विषय हुन्। जलस्रोत मन्त्रालय (१९९२क, र १९९२ ख)का अनुसार नेपालमा जलस्रोतको उपभोग तथा व्यवस्थापन 'जलस्रोत ऐन २०४९' र 'जलस्रोत नियमन ऐन २०५०' बाट निर्दिष्ट छ। जलस्रोतको सामूहिक प्रयोग र व्यवस्थापनकालागि जलस्रोत नियमन ऐन २०५०ले उपभोक्ता समूहको गठनलाई अनुमति दिएको छ। आफ्नो क्षेत्रमा भएको जलस्रोतको बाँडफाँडमा आफूले पाउने प्रोत्साहन (इन्सेन्टिभ) तथा जोखिमको अवस्थामा पाउने क्षतिपूर्तिको बारेमा स्थानीय मानिसहरूमा संचेतना वृद्धि भएको छ। त्यसैले पनि प्रायः स्थानीय मानिसहरू आफ्नो क्षेत्रमा रहेका जलस्रोतमा आफ्नो स्वामित्व कायम राख्न चाहन्छन्। स्वामित्वका बारेमा स्थानीयहरूले राख्ने यस्तो सोच एक तवरले ठीक छ, तर उनीहरूको प्रयास मात्रैले पनि उपलब्ध स्थानीय स्रोतहरूको उचित व्यवस्थापन र प्रयोग हुन सक्दैन। राज्यको सीमित आर्थिक-प्राविधिक क्षमता, कार्यक्रम कार्यान्वयनमा भ्रष्टाचार, प्रशासनिक प्रक्रियाहरूमा हुने अवरोधहरू नै प्रभावकारी खानेपानी व्यवस्थापनका सबैभन्दा ठुला अवरोधहरू हुन्।


नेपालको सन्दर्भमा, जलस्रोतका विभिन्न प्रयोगहरूमध्ये खानेपानीलाई त्यति प्राथमिकता दिइएको पाँईदैन, जबकि सिँचाइको क्षेत्रमा तुलनात्मक रूपमा धेरै प्राथमिकता दिइएको पाइन्छ। आचार्य (२०१५ः ३०५)का अनुसार 'जलस्रोतको वितरणमा विकास वा अन्य सुविधाभन्दा खानेपानी सम्बन्धी आवश्यकता लगायत सुरक्षित जीविकोपार्जनमा पहिलो प्राथमिकता हुनुपर्दछ'। तर यस अध्ययनले रोल्पामा बिल्कुल फरक अवस्था पाएको छ -समग्रमा न त खानेपानी आपूर्ति, न सिँचाइ, न त सरसफाइले नै प्राथमिकता पाएको देखिन्छ। खानेपानीको सवालमा र माथि उल्लेखित अनुसन्धानको नतिजालाई पृष्ठपोषण गर्ने गरी एसएलआरसी-एनसिसिआरको क्वान्टिटेटिभ अध्ययनले उल्लेख गरेको छ। रोल्पामा सर्वेक्षण गरिएका कूल ७ सय १६ मध्ये जम्मा ३.५ प्रतिशत घरधुरीमा मात्र खानेपानीको धारा जडान गरिएको पाइयो (तथ्याङ्क ४ मा हेर्नुहोस्), यो प्रमाणले रोल्पामा खानेपानी आपूर्तिलाई प्राथमिकतामा नराखिएको प्रष्ट्याउँछ। तथापि, भिरालो जमिन हुनुले पनि रोल्पामा जलस्रोतको समग्र उपयोगमा आर्थिक-प्राविधिक कठिनाइ हुने

गरेको र सम्बन्धितकार्यक्रमहरू तुलनात्मकरूपमा अन्यत्रका समथल ठाउँमा हुने कार्यक्रमभन्दा बढी महँगा हुन्छन् र प्राथमिकतामा राख्न कठिनाइ भएको पाइन्छ। त्यसैले, जलस्रोतको उपभोग र सेवा सम्बन्धी समग्र प्रावधान (खानेपानी, सिँचाइ, र सरसफाइ)मा स्थानीयहरूको सहज पहुँच हुनसकेको छैन। यसप्रकार खानेपानी सेवा र यसैको सन्दर्भमा आममानिसको स्थानीय तथा केन्द्रीय सरकारप्रतिको अवधारणालाई यस अध्ययनको चौंथो खण्डमा एसएलआरसी–एनसिसिआरको क्वान्टिटेटिभ सर्वेक्षणबाट प्राप्त प्रासंगिक प्रमाणसहित प्रस्तुत गरिएको छ। खण्ड पाँचमा क्वालिटेटिभ सर्वेक्षणबाट प्राप्त नतिजाहरूलाई प्रस्तुत गरिएको छ।


## ४. एसएलआरसीको क्वान्टिटेटिभ सर्वेक्षणबाट प्राप्त निष्कर्ष

रोल्पामा खानेपानीका स्रोतहरू अन्तर्गत धारा, कुवा र खहरे–खोलाहरू आदि पर्दछन्। धेरैजसो घरधुरीहरू आफ्नो घर, घरपरिसर वा टोल–समुदायमा उपलब्ध धाराको पानीमा निर्भर छन्। एसएलआरसी–एनसिसिआरको पहिलो क्वान्टिटेटिभ सर्वेक्षणको नतिजाले देखाए अनुसार, अध्ययन गरिएका कूल ७ सय १६ घरधुरीमध्येका ८३ प्रतिशतले धाराको पानी, ११.७ प्रतिशतले कुवा तथा मूलकोपानी, ३.६ प्रतिशतले नदी तथा खोल्साहरूको पानी प्रयोग गर्छन् भने १.७ प्रतिशतले अन्य स्रोतहरूको पानी उपभोग गर्छन् (तथ्याङ्क ४ मा हेर्नुहोस्)।

**तथ्याङ्क ४: सर्वेक्षण गरिएका कूल ७ सय १६ घरधुरीहरूको खानेपानीको मुख्य स्रोत**




**तथ्याङ्क ५: पिउने पानीको सेवामा पहुँच (पानी खेप्नलाग्ने समयका आधारमा)**




*स्रोतः उप्रेती लगायत अन्य (२०१४) मा उपलब्ध तथ्याङ्कका आधारमा तयार गरिएको।*

क्वालिटेटिभ सर्वेक्षणबाट प्राप्त नतिजा (तथ्याङ्क ५ मा हेर्नुहोस्)अनुसार रोल्पामा १.१ प्रतिशत घरधुरीले खानेपानी खेप्नकालागि ६० मिनेट भन्दा बढी समयको यात्रा गर्नुपर्छ र ७.१ प्रतिशतले ३० देखि ६० मिनेटसम्मको यात्रा गर्नुपर्छ। धेरैजसो (८८.३ प्रतिशत) घरधुरीले खानेपानी खेप्नकालागि ३० मिनेटसम्मको यात्रा गर्नुपर्दछ भने जम्मा ३.५ प्रतिशत घरधुरीले मात्र घरमै खानेपानी प्राप्त गर्छन्।

सर्वेक्षण गरिएका कूल घरधुरी मध्येका ४३.९ प्रतिशतले आफूले उपभोग गर्दै आएको खानेपानीको स्रोतकालागि राज्य जिम्मेवार रहेको बताए भने ३८.७ प्रतिशतले आफूले उपभोग गर्दै आएको खानेपानीको स्रोत निजी भएकाले आफू स्वयं जिम्मेवार रहेको बताए। यसैगरी, १०.८ प्रतिशत घरधुरी गैरसरकारी संस्थाहरूले उपलब्ध गराएको खानेपानीको स्रोतमा निर्भर भएको पाइयो। बाँकी मध्येका २.८ प्रतिशतले अन्य क्षेत्र जिम्मेवार रहेको बताए भने ३.९ प्रतिशतले आफूले प्रयोग गर्दै आएको खानेपानीको स्रोतकालागि को जिम्मेवार छ भन्नेकुरा थाहा नभएको जानकारी दिए (तथ्याङ्क ६ मा हेर्नुहोस्)।

उप्रेती लगायत अन्य (२०१४)का अनुसार, सर्वेक्षणमा ८८.८ प्रतिशत घरधुरीले सफा र सुरक्षित खानेपानीमा आफ्नो पहुँच रहेको बताए। राज्यले प्रदान गरेको खानेपानी सेवाको उपभोग गर्दैआएका कूल २ सय ८९ घरधुरीमध्येका ९१.३ प्रतिशत (२ सय ६४ घरधुरी) ले आफूले उपभोग गर्दै आएको खानेपानी सफा र सुरक्षित रहेको बताए (उप्रेती लगायत अन्य, २०१४) । यसैगरी, निजीतवरले व्यवस्थापन गरिएको खानेपानीको स्रोत प्रयोग गर्दैआएका करिब २ सय ६३ घरधुरीमध्येका ८४.४ प्रतिशत (२ सय २२ घरधुरी)ले आफूले प्रयोग गरेको खानेपानी सफा र सुरक्षित भएको बताए भने गैरसरकारी संस्थाहरूले उपलब्ध गराएको खानेपानीको स्रोतमा निर्भर रहेका कूल ७७ घरधुरीमध्येका ९७.४ प्रतिशतले उपलब्ध खानेपानी सफा र सुरक्षित भएको बताए (तालिका १ मा हेर्नुहोस्) ।


**तालिका १: पिउने पानीको गुणस्तर (पानीको स्रोतकालागि को जिम्मेवार छ भन्ने सवालमा)**

| जिम्मेवार पक्ष | के तपाईंले उपभोग गर्ने खानेपानी सफा र सुरक्षित छ ? | | |
|---|---|---|---|
| | सफा र सुरक्षित छैन | सफा र सुरक्षित छ | जम्मा |
| सरकार/राज्य | २५ (८.७%) | २६४ (९१.३%) | २८९ |
| निजी/व्यक्तिगत | ४१ (१५.६%) | २२२ (८४.४%) | २६३ |
| गैरसरकारी संस्था | २ (२.६%) | ७५ (९७.४%) | ७७ |
| अन्य | १ (५.६%) | १७ (९४.४%) | १८ |
| थाहा छैन | ६ (२४%) | १९ (७६%) | २५ |
| जम्मा | ७५ (११.२%) | ५९७ (८८.८%) | ६७२ |

*स्रोतः उप्रेती लगायत अन्य (२०१४) मा उपलब्ध तथ्याङ्कका आधारमा तयार गरिएको ।*


खानेपानीको उपलब्धताका आधारमा हेर्दा ४५.९ प्रतिशत घरधुरीले आफूले प्रयोग गर्ने खानेपानी 'सधैं उपलब्ध' रहेको बताए, ३१ प्रतिशतले 'धेरैजसो उपलब्ध' हुने बताए, २१.८ प्रतिशत घरधुरीले खानेपानी 'कहिलेकाहीँ उपलब्ध नभएको' बताए भने १.३ प्रतिशत घरधुरीले मात्र आफूले प्रयोग गर्ने स्रोतमा खानेपानी 'प्रायः उपलब्ध नभएको' बताए (तथ्याङ्क ७ मा हेर्नुहोस्)।

**तथ्याङ्क ६: सर्वेक्षण गरिएका कूल ७१६ घरधुरीहरूको पिउने पानीको स्रोतकालागि को जिम्मेवार**




*स्रोतः उप्रेती लगायत अन्य (२०१४) मा उपलब्ध तथ्याङ्कका आधारमा तयार गरिएको ।*


**तथ्याङ्क ७ः रोल्पामा पिउने पानीको सेवाको उपलब्धता समग्रतामा (७ सय १६ घरधुरीमा)**





*स्रोतः उप्रेती लगायत अन्य (२०१४) मा उपलब्ध तथ्याङ्कका आधारमा तयार गरिएको ।*

राज्यले प्रदान गर्ने खानेपानी सेवा उपभोग गर्ने मध्येका ४१.१ प्रतिशत घरधुरीले खानेपानी 'सधैं उपलब्ध' रहेको बताए, ३०.६ प्रतिशतले 'धैरैजसो उपलब्ध' हुने बताए, २७.४ प्रतिशतले 'कहिलेकाहीँ उपलब्ध नभएको' बताए भने ०.९ प्रतिशतले मात्र राज्यले प्रदान गर्ने खानेपानी सेवा 'प्रायः उपलब्ध नभएको' बताए (तथ्याङ्क ८ मा हेर्नुहोस्) । राज्यले प्रदान गर्ने खानेपानी सेवाको तुलनामा निजीतवरबाट व्यवस्थापन गरिएका स्रोतहरूमा खानेपानीको उपलब्धता केही बढी राम्रो देखियो । यस्ता स्रोतहरूको प्रयोग गर्ने मध्येका ५६ प्रतिशत घरधुरीले खानेपानी 'सधैं उपलब्ध' भएको बताए, २४.९ प्रतिशतले 'धैरैजसो उपलब्ध' हुने बताए, १७.३ प्रतिशतले 'कहिलेकाहीँ उपलब्ध नभएको' बताए भने १.८ प्रतिशतले मात्रै निजीतवरबाट व्यवस्थापन गरिएका स्रोतहरूमा खानेपानी 'प्रायः उपलब्ध नभएको' बताए (तथ्याङ्क ९ मा हेर्नुहोस्) ।

**तथ्याङ्क ८ः रोल्पामा 'राज्य जिम्मेवार' रहेका पिउने पानीका सेवाहरूको उपलब्धता (३ सय १४ घरधुरीमा)**




**तथ्याङ्क ९ः रोल्पामा 'निजी/व्यक्तिगतरूपमा जिम्मेवार' रहेका पिउने पानीका सेवाहरूको उपलब्धता (२ सय ७७ घरधुरीमा)**





*स्रोतः उप्रेती लगायत अन्य (२०१४) मा उपलब्ध तथ्याङ्कका आधारमा तयार गरिएको ।*


गैरसरकारी संस्थाहरूले उपलब्ध गराएको खानेपानीको स्रोतमा निर्भर रहेका मध्येका २६ प्रतिशत घरधुरीले खानेपानी 'सधैं उपलब्ध' रहेको बताए, ६६.२ प्रतिशतले 'धैरैजसो उपलब्ध' हुने बताए, ७.८ प्रतिशतले 'कहिलेकाहीँ उपलब्ध नभएको' बताए (तथ्याङ्क १० मा हेर्नुहोस्) ।

खानेपानीको स्रोतकालागि अन्य क्षेत्र जिम्मेवार रहेको बताउने मध्येका ४५ प्रतिशत घरधुरीले खानेपानी 'सधैं उपलब्ध' रहेको बताए, ४० प्रतिशतले 'कहिलेकाहीँ उपलब्ध नभएको' बताए भने १५ प्रतिशत घरधुरीले स्रोतमा खानेपानी 'धैरैजसो उपलब्ध' हुने बताए (तथ्याङ्क ११ मा हेर्नुहोस्) ।

**तथ्याङ्क १०: रोल्पामा 'गैर सरकारी संस्था जिम्मेवार' रहेका पिउने पानीका सेवाहरूको उपलब्धता (७७ घरधुरीमा)**





**तथ्याङ्क ११: रोल्पामा 'अन्य क्षेत्र जिम्मेवार' रहेका पिउने पानीका सेवाहरूको उपलब्धता (२० घरधुरीहरूमा)**




*स्रोतः उप्रेती लगायत अन्य (२०१४) मा उपलब्ध तथ्याङ्कका आधारमा तयार गरिएको ।*

आफूले प्रयोग गर्दै आएको खानेपानीको स्रोतका लागि को जिम्मेवार छ भन्नेकुरा थाहा नभएका कूल घरधुरी मध्येका ५७ प्रतिशतले खानेपानी 'सधैं उपलब्ध' रहेको बताए, १०.७ प्रतिशत ले 'धैरैजसो उपलब्ध' रहेको बताए, २८.६ प्रतिशतले 'कहिलेकाहीँ उपलब्ध नभएको' बताए भने ३.६ प्रतिशतले 'प्रायः उपलब्ध नभएको' बताए (तथ्याङ्क १२ मा हेर्नुहोस्) ।

**तथ्याङ्क १२: को जिम्मेवार छ भन्ने 'थाहा नभएका' पिउने पानीका सेवाहरूको उपलब्धता (२८ घरधुरीमा)**





*स्रोतः उप्रेती लगायत अन्य (२०१४) मा उपलब्ध तथ्याङ्कका आधारमा तयार गरिएको ।*

यसैगरी, अध्ययनले देखाएअनुसार जुन घरधुरीहरुले धेरै पटक विपदको सामना गर्नुपरेको छ तिनै घरधुरीहरूको खानेपानीमा पहुँच कम छ। त्यसैले यस्ता घरधुरीहरूले खानेपानी खेप्नकै लागि धेरै समय र श्रम खर्चिनु परेको देखिन्छ।

साधारणतया, स्थानीय वा केन्द्रीय सरकार यदि सेवाप्रवाहलाई व्यवस्थित गर्न, प्रभावकारी र जवाफदेही बनाउन सक्षम छ भने यसले आममानिसको राज्यप्रतिको धारणालाई सकारात्मक बनाउन भूमिका खेल्छ । एसएलआरसी–एनसिसिआरको यो क्वान्टिटेटिभ सर्वेक्षणबाट प्राप्त नतिजाले आममानिस केन्द्रीय सरकारप्रति भन्दा तुलनात्मक रूपमा स्थानीय सरकारप्रति बढी सकारात्मक भएको देखाउँछ।

केन्द्रीय सरकारमा हुनेहरूले गरेका निर्णयले स्थानीयहरूका प्राथमिकताहरूको कत्तिको प्रतिनिधित्व गरे भन्ने प्रश्नको उत्तर दिने ४ सय ४६ घरधुरीमध्येका बहुसंख्यकले आफ्ना प्राथमिकताका कुरालाई ती निर्णयहरूले 'कहिल्यै प्रतिनिधित्व नगरेको' जनाए (तथ्याङ्क १३ मा हेर्नुहोस्) ।

**तथ्याङ्क १३: केन्द्रीय सरकारका निर्णयहरूमा आफ्ना प्राथमिकता कत्तिको पर्छन् भन्नेमा उत्तरदाताहरूको धारणा**




*स्रोतः उप्रेती लगायत अन्य (२०१४) मा उपलब्ध तथ्याङ्कका आधारमा तयार गरिएको।*

## ५. क्वालिटेटिभ सर्वेक्षणबाट प्राप्त निष्कर्ष

खानेपानीको स्रोतसम्म पुग्न लाग्ने दूरीलाई पनि एक आधार मानेर हेर्दा किन धेरैजसो घरधुरीहरूको खानेपानीमा न्यून पहुँच देखिन्छ त भन्ने सवालमा यो अध्ययनले विशेष कारणहरू पत्तालगाएको छ । खानेपानी खेप्नकालागि ३० मिनेटसम्म लाग्ने घरधुरीहरू ८८.३ प्रतिशत छन्। जम्मा ३.५ प्रतिशत घरधुरीले मात्र घरमै खानेपानीको पहुँच पाएकाछन् (तथ्याङ्क ४ मा हेर्नुहोस्) । तथ्याङ्क ७ ले बताएअनुसार, ४५.९ प्रतिशत घरधुरीले आफ्नो स्रोतमा खानेपानी सधैं उपलब्ध रहेको बताए जुन तथ्याङ्कीय हिसाबमा महत्वपूर्ण देखिन्छ। तर यी मध्येका बहुमत घरधुरीले आफ्नो घर वा घर परिसरमा खानेपानीको स्रोत नभएकाले खानेपानी खेप्नकैलागि ६० मिनेट भन्दा बढी समयसम्मको यात्रा गर्नुपरेको पनि देखिन्छ (तथ्याङ्क ४ मा हेर्नुहोस्) । यस अध्ययनले पत्तालगाएअनुसार, समग्रमा खानेपानीमा सहज पुहँच नहुनुपछाडिका केही कारणहरू यसप्रकार छन्: (क) भूगोल (अग्लो–होचो जमिन धेरै), (ख) सेवाप्रदायकलाई प्रभावमा राख्नसक्ने पहुँचवाला व्यक्तिको कमी, (ग) स्थानीय स्रोतहरूको व्यवस्थापन तथा परिचालन गर्न नसक्नु, (घ) दक्ष/जनशक्तिको अभाव, (ङ)

विभिन्न किसिमका उपभोक्ताबीच द्वन्द्व, (च) पानीका विविध उपयोगिताबारेको द्वन्द्व, र (छ) राज्यको कमजोर उपस्थिति। उल्लेख गरिएका कारणहरू कुनै न कुनै हिसाबले सामाजिक-राजनीतिक तथा प्रशासनिक बाधा/व्यवधानहरूसँगपनि जोडिएका हुनाले समग्रमा खानेपानी सेवा प्रवाहमा आममानिसको कम पहुँच भएको देखिन्छ।

भौतिक, वित्तीय, सामाजिक-राजनीतिक लगायत प्रशासनिक रूपमा आइपर्ने बाधा/अड्चनहरूका कारणसेवा प्रवाह कसरी अपेक्षितरूपमा प्रभावकारी हुनसकेको छैन भन्ने सवालमा तल विभिन्न पाँचवटा उप-खण्डहरूमा नतिजामा आधारित रहेर छलफल तथा विश्लेषणगरिएको छ। यसैगरी माथि उल्लेख गरिएका बाधा/अड्चनहरूले राज्यप्रतिको आमामानसिको अवधारणामा कसरी प्रभाव पार्दछन् भन्ने बारेमा पनि चर्चा गरिएको छ।

## ५.१ भौतिक पहुँच

रोल्पाजिल्ला पिउनयोग्य (ताजा) पानी उपलब्धताका हिसाबले धनी त छ, तैपनि आपूर्ति व्यवस्था सहज नहुनाले खानेपानी अभावको अवस्था चरम हुँदैगएको छ। मादीखोला, लुङ्गीखोला, फगेमखोला, गोयुर, त्रिवेनी, बोफाङ्ग, सिवाङ्ग, धन्सी, फिवाई, पोखाखोला, वनफल, हलहले जस्ता खोलानालामा पर्याप्त मात्रामा पिउन योग्य पानी छ। खोनेपानीको सेवा प्रवाहमा कहीँ राज्यले लगानी गरेको छ भने कहीँ निजी तवरबाट लगानी भएको छ, कहीँ गैरसरकारी संस्थाहरूले लगानी गरेकाछन्, कहीँ सामूहिक लगानी भएको छ त कहीँ अन्य क्षेत्रहरूले लगानी गरेका छन्। व्यक्ति, समुदाय, संघसंस्था तथा राज्य जिम्मेवार हुनेगरी विभिन्न खालका खानेपानी सेवा सञ्चालनमा भएकाले त्यहाँ उपलब्ध खानेपानीको मात्रा, गुणस्तर तथा सेवा वापतको शुल्कमा पनि विविधता छ।

रोल्पामा खानेपानीका मुख्य स्रोतहरू भनेका धारा, कुवा/मूल र खोलानाला नै हुन्। सर्वेक्षण गरिएकामध्येका बहुमत घरधुरीहरू यस्तै खालका सार्वजनिक धारा तथा अन्यस्रोतमा निर्भर छन् र पानी खेप्नकै लागि उनीहरूले धेरै श्रम तथा समय खर्चिने गरेको पाइन्छ। कहीँकहीँ त एक घण्टाभन्दा बढी समय खर्चिनु परेका उदाहरणहरू पनि भेटिन्छन्। सर्वेक्षण गरिएका मध्येका अत्यन्तै कम घरधुरीको मात्र घर या घरपरिसरमै खानेपानीको पहुँच भएको देखिन्छ। खानेपानीका सार्वजनिक स्रोतहरू समयमै सफा गर्ने तथा मर्मत गर्ने गरेको देखिएन, जसको कारण खानेपानीको गुणस्तर झनै खस्किएको देखिन्छ। सार्वजनिक स्रोतहरूबाट खानेपानी उपभोग गर्दै आएका उपभोक्ताहरूले स्थानीय तथा केन्द्रीय सरकार दुवैले आफ्ना आवश्यकता तथा मागहरूको वास्ता नगरेको बताउँछन्। यो अवस्थाका कारण उनीहरू राज्यसँग निराश देखिन्छन् र राज्यप्रति पनि उनीहरूको नकारात्मक धारणा बढ्दै गएको देखिन्छ (यस सन्दर्भमा उप-खण्ड ५.५ मा थप चर्चा गरिएको छ)।

समुदाय वा सरकारले व्यवस्थापन गरेका स्रोतहरूबाट खानेपानी उपभोग गर्ने उपभोक्ताहरूले भन्दा आफूले नै व्यवस्थापन गर्ने उपभोक्ताहरूले आफ्नो स्रोतमा नियमित र धेरै मात्रामा पानी उपलब्ध हुने बताएकाछन्। यस क्वालिटेटिभ सर्वेक्षणले पत्ता लगाए अनुसार, खानेपानीको स्रोत निजी तवरले व्यवस्थापन गरेका उपभोक्ताहरूको सम्बन्ध राज्यका स्थानीय निकायहरू, गैरसरकारी संस्था तथा स्थानीय तहमा प्रभाव पार्न सक्ने सामाजिक कार्यकर्ता तथाराजनीतिक व्यक्तिहरूसँग कम रहेको देखिन्छ। यस्ता उपभोक्तहरू मध्येका केहीले आफ्नो खानेपानीको स्रोत व्यवस्थापनमा लगानी गर्न आफू स्वयं सक्षम रहेको बताउँछन्। निजी तवरले खानेपानीका स्रोतहरू व्यवस्थापन गरेका उपभोक्ताहरू आफुले चाहेको बेलामा स्रोत सफा गर्न तथा मर्मत गर्न सकिने तर राज्य वा अन्य क्षेत्रले व्यवस्थापन गरेका स्रोतहरू सफा गर्न तथा मर्मत गर्नलाई प्रक्रियागत झन्झट हुने ठान्छन्।

रोल्पा आफैँमा पनि पहाडी भूगोल हो, त्यसैले यहाँ खानेपानीको सहज आपूर्ति एउटा ठूलो चुनौती बन्न पुगेको देखिएको छ। यही भौगोलिक चुनौतीलाई खानेपानी सेवा प्रवाहमा रोल्पालीहरूको कम भौतिक पहुँच हुनुको एउटा प्रमुख कारण मान्न सकिन्छ। भौगोलिक जटिलताले खानेपानी सेवाको पहुँच र प्रयोग दुवैमा प्रभाव पार्दछ। यही सन्दर्भमा लिवाङ्ग वडा ५ मा देखिएको उदाहरणलाई हेर्नेहो भने यहाँ प्रायः अग्लो स्थानमा भएका घरधुरीहरू जो आर्थिकरूपमा गरिब पनि छन्, खानेपानीका धाराहरूमा उनीहरूकै पहुँच छैन। उसो त यही वडाको तल्लो भूगोलमा बस्ने घरधुरीहरूसँग

पनि गुनासाहरू छन् । उनीहरू आफूले प्रयोग गर्दै आएको सामुदायिक खानेपानीको स्रोतमा पनि पानी नियमित उपलब्ध नहुँदा सन्तुष्ट हुननसकेको बताउँछन् । हिँउदयाममा यहाँ पानीका मुहानहरू सुक्दैजाने भएकाले पानीको आपूर्ति स्वतः कम हुन्छ र यसैगरी अन्य मौसममा पनि खानेपानी आपूर्तिको प्रभावकारी व्यवस्थापन हुन नसक्दा यहाँका उपभोक्तहरू बिहान बेलुका गरेर बढीमा दुई घण्टामात्र पानी संकलन गर्न बाध्य छन् । सर्वेक्षणमा सहभागी उत्तरदाता–२४ (एक दलित महिला)का अनुसार खानेपानीको मुहान नजिकका मानिसहरूले पटक–पटक पाइपलाइन काट्ने गरेकाले तल्लो क्षेत्रमा बस्ने उपभोक्ताहरूलाई समस्या पर्नेगरेको गुनासो गर्छिन् । खानेपानीको मुहानमै हुने यस्ता लापर्बाहीलाई संकेत गर्दै उनी थप्छिन् :

> *म हामीले प्रयोग गर्दै आएको खानेपानीको स्रोत र यसको गुणस्तरीयतामा सन्तुष्ट छैन । मुहानमा केटाकेटीहरू पौडी खेल्छन्, मान्छेहरू त्यहीँ लुगा धुन्छन्, जसले खानेपानीको गुणस्तर राम्रो छैन ।*

यसले के जनाउँछ भने, ती उपभोक्ताहरू जो खानेपानीको स्रोत/मुहानबाट तुलनात्मकरूपमा टाढा छन् उनीहरूको सफा तथा सुरक्षित खानेपानीमा अत्यन्तै कमजोर र असुरक्षित पहुँच छ ।

लिवाङ्ग ५ कै अर्की उत्तरदाता–३५ (क्षेत्री, महिला)को भने घरमै धारा जोडिएको छ । उनलाई आफूले प्रयोग गर्दैआएको खानेपानी सफा र सुरक्षित छ भन्ने कति पनि लाग्दैन, त्यसैले उनको परिवारका सदस्यले पानी संकलन गर्दा कपडाको टुक्रो प्रयोग गरेर पानी छान्दै आएका छन् । उनका अनुसार, उनी रहने टोलमा भएका लगभग सबै घरधुरीहरूको खानेपानीको स्रोत नजिकै छ र आवश्यक मात्रामा पानी पनि उपलब्ध छ, यद्यपि उपलब्ध पानीको गुणस्तर सन्तोषजनक छैन । उनी थप्छिन् 'अझ बर्षातमा त झन बाढी पसेर खानेपानी आपूर्तिगर्ने जलासय नै प्रदूषित हुन्छ'।

लिवाङ्गमा अध्ययन गरिएका केही क्षेत्रमा नेपाल खानेपानी संस्थानले एकपटक धाराहरू जडान गरेको तर ती धाराहरूमा कहिल्यै पानी नआएको बताउँछन् स्थानीयहरू । यस्तो अवस्थामा, विकल्पस्वरूप, स्थानीयहरूले आफूलाई आवश्यक खानेपानी व्यवस्थापनकालागि आफैँले छुट्टै लगानी गर्नुपरेको बताउँछन् । उनीहरूले व्यवस्थापन गरेको स्रोतमा प्रभावकारीरूपमा खानेपानीको आपूर्ति भइरहेको तर आफूहरू पानीको गुणस्तर कायम राख्न असमर्थ भएको बताउँछन् उनीहरू ।

खासगरी पाइपबाट घरसम्मै पुऱ्याइएकोखानेपानी सेवालाई अनुकूलको वा सुविधाजनक सेवा भनिन्छ । तर हामीले अध्ययन गरेकामध्ये अधिकांश घरधुरीहरू सार्वजनिक धारा, जमिनको सतहमा खुल्ला बग्ने पानीका स्रोतहरू, असुरक्षित मूल/कुवा/बाँधहरूर कम गुणस्तरीय पानी भएका अन्य स्रोतहरूमा निर्भर रहेको पाइयो । जमिनको सतहमा खुल्ला बग्ने पानीका स्रोतहरू प्रदूषित हुने सम्भावना बढी नै हुन्छ । बुढागाउँ वडा नं. ९ मा बस्ने जनजाति परिवारका ३३ वर्षीय एक पुरुष (उत्तरदाता–४०)ले बताएअनुसार उनको परिवारले घरबाट ५ मिनेट परको स्रोतबाट खानेपानी उपभोग गर्दै आएका छन् । यस अध्ययनले देखाएअनुसार ५ मिनेटको यात्रा तुलनात्मकरूपमा कम हो । यद्यपि, यो घरधुरी र छिमेकका केही अरू घरधुरीहरू पैसा, ज्ञान र दक्षताको अभावका कारणले एकातिर कम गुणस्तरीय खानेपानी उपभोग गर्न बाध्य देखिन्छन् त अर्कातिर पाइपबाट पानी आपूर्ति गर्नसकिने भूगोलमा भएर पनि मुहानमै धाउन बाध्य छन् । उत्तरदाता–४० ले बताएअनुसार, उनको परिवारले त अझ खानेपानी उमाल्ने, छान्ने वा शुद्धीकरणगर्ने अन्य कुनै विकल्पहरू समेत प्रयोग गरेको छैन । उनी थप्छन्:

> *पानी उमाल्नु विभिन्न हिसाबले महँगो कुरा हो ...... हामी त कहिलेकाहीँ विरामी पर्दा मात्र पानी उमालेर खान्छौँ, नत्रत यत्तिकै खाने हो ।*

बुढागाउँमा गरिएको अध्ययनअनुसार यस क्षेत्रमा खानेपानीका स्थायी स्रोतहरू छैनन् । प्रायः घरधुरीहरू कुवा/मूलको पानी खेप्छन् । केही घरधुरीहरूमामात्रै धारा जडान गरिएको देखिन्छ । वडा९ का एकजना उत्तरदाता–३० (पुरुष) भन्छन्:

> *हामीलाई खानेपानीको जोहो गर्न अत्यन्तै कष्ट छ, र हामीले उपभोग गर्दै आएको खानेपानी सफा र सुरक्षित पनि* छैन । हामी विना शुद्धीकरण पानी खान्छौं (हामी पानी छान्ने तथा उमाल्ने केही गर्दैनौं) ।

यसरी हेर्दा स्थानीय सरकार खानेपानीको गुणस्तर सुनिश्चित गर्न तथा स्थानीयहरूलाई खानेपानी शुद्धीकरण गर्ने ज्ञान र दक्षता प्रदान गर्न असमर्थ रहेको देखिन्छ। यसैप्रकार, खानेपानीको अभाव टार्नका लागि स्रोतमा धेरै पानी उपलब्ध हुने समयमा सिमेन्टका वा प्लास्टिकका ट्याङ्कीहरू निर्माणगरी पानी सञ्चय गर्ने विधि स्थानीयहरूले अपनाएको देखिँदैन। प्रायः उपभोक्ताहरू दैनिक प्रयोजनका लागि मात्र गाग्री वा बाल्टिनमा पानी सङ्कलन गर्छन्। समग्रमा रोल्पाभरि नै खासगरी यही अवस्था छ। यस्तो अवस्थामा कुनै कारणवश एकदिन खानेपानी आपूर्ति नहुँदा उनीहरूलाई तत्कालै समस्या पर्ने गरेको स्थानीयहरू बताउँछन्। यसै प्रसङ्गमा सहमति जनाउँदै बुढागाउँ गाविसको जनजाति परिवारका एक पुरुष सदस्य (उत्तरदाता-४०) भन्छन्ः

> *यहाँ धेरै मानिसहरू छन् जसको खानेपानीमा सहज पहुँच छैन। खानेपानी अभावको समस्या यो गाविसमा मात्रै नभएर समग्र रोल्पामा नै व्याप्त छ। मानिसहरू वर्षातको पानी संकलन गर्ने, ठुला पानी ट्याङ्कीमा पानी जम्मा गर्ने जस्ता विकल्पहरू पनि अपनाउँदैनन्। मानिसहरू आफूलाई दैनिकरूपमा आवश्यक पानीको जोहो गर्न धेरै समय खर्च गर्छन्।*

बुढागाउँ गाविस वडा नं. १ का एक जनजाति परिवारका पुरुष सदस्य (उत्तरदाता-३६)ले बताए अनुसार, उनको टोलमा एउटा सार्वजनिक धारो छ जसमा करिव ६ घरधुरीहरू निर्भर छन्। यी कुनैपनि घरधुरीले पानी उमाल्ने वा अन्य कुनै शुद्धीकरणको उपाय अपनाउने गरेकाछैनन्। औसतमा उपलब्ध खानेपानीको गुणस्तरमा उनी सन्तुष्ट नै भएपनि वर्षातमा पानीमा प्राकृतिकरूपमा उत्पन्न हुने फोहोर र मानवसिर्जित प्रदूषणका कारण आफ्ना केटाकेटीहरू विरामी हुने भएकाले सन्तुष्ट हुने अवस्था नभएको बताउँछन्। घरमै धारा जडान गरिएको भएपनि, बुढागाउँ गाविस वडा७ को दलित परिवारका एक पुरुष सदस्य आफ्नो ठाउँमा पनि माथि उल्लेख गरिएजस्तै समस्या रहेको बताउँछन्। खानेपानीको गुणस्तरको समस्या करिव-करिव एउटै किसिमको देखिन्छ। उल्लेखित दुवै स्थानमा वर्षायाममा खानेपानीका स्रोतहरू बढी प्रदूषित हुने गरेको समस्या एउटा साझा समस्याजस्तै देखिन्छ।

लिवाङ्ग गाविस वडा नं. ८ को अवस्थालाई हेर्ने हो भने, यहाँका धेरैजसो घरधुरीमा धारा जडान गरिएको छ र टोलमा केही सार्वजनिक धाराहरू पनि जडान गरिएका छन्। केही परको स्थानीय सानो खोलाबाट पाइपमा पानी ल्याएर धारा वितरण गरिएको छ। एक जनजाति परिवारका ३२ वर्षीयपुरुष सदस्य भन्छन्, 'खानेपानीको गुणस्तर सन्तोषजनक छ र यहाँका धेरैजसो उपभोक्तहरू पानी उमाल्दैनन्'। उनी थप्छन्, 'यहाँको पानी सोझै पिउँदा पनि खासै स्वास्थ्य समस्या हुनेगरेको छैन'। यहाँका धेरैजसो घरधुरीको खानेपानीमा सहज पहुँच छ। यद्यपि, सुख्खायाम आपूर्तिका हिसाबले तनावपूर्ण नै हुने गरेको छ। खानेपानीको गुणस्तरका सवालमा यसै वडाका एक दलित (उत्तरदाता-२५) भन्छन्ः

> *यस क्षेत्रमा धाराहरू जडान गरेर खानेपानी आपूर्ति सुचारू भएपश्चात हामीहरूले पानीका कारण लाग्ने कुनैपनि रोगहरूका नाममा औषधि किन्नु परेको छैन र उपचारकालागि कुनै चिकित्सकलाई पनि भेट्नुपरेको छैन।*

यसप्रकार, हिउँदमा हुने खानेपानीको अभावले कमजोर व्यवस्थापनलाई संकेत गर्दछ भने खानेपानीको गुणस्तरका बारेमा उपभोक्ताहरूको जतिसुकै सकारात्मक अवधारणा भएपनि त्यसले खानेपानी यथार्थमै सफा र सुरक्षित छ भन्ने प्रत्याभूति गर्दैन। यस्तो अवस्थामा स्थानीय सरकारले खानेपानी संकलन गर्ने प्रणालीहरूको विकास गर्नसक्थ्यो, उपलब्ध स्रोतहरूको मितव्ययी प्रयोगको तारतम्य मिलाउन सक्थ्यो र हिँउदकालागि खानेपानी आपूर्तिगर्ने खालका पानी संकलन केन्द्रहरू स्थापना गर्नसक्थ्यो, तर यतातर्फ स्थानीय सरकारको प्राथमिकता देखिँदैन।

लिवाङ्ग गाविस वडा नं. ६ मा सर्वेक्षण गरिएका उत्तरदाताहरूका एकैखालका (तर अन्यत्रको भन्दा अलि फरक) कथा छन्। सामुदायिकरूपमा खानेपानीको व्यवस्थापन गरेका उनीहरू धेरैको घरमै धारा जडान गरिएको छ, यसकालागि उनीहरूले धेरै नै पँजी र श्रम खर्चिएकाछन्। यहीँका एक २३ वर्षे युवा (उत्तरदाता-५०) गर्व गर्दै भन्छन्ः

> *खानेपानी पाइपबाट ल्याएर आपूर्ति गरिएको छ, हाम्रो घरमा पनि धारा जडान गरेका छौं। यो हामी सबै गाउँलेहरूको अथक प्रयासको परिणाम हो।*

यहाँका धेरैजसो उपभोक्ताहरूले जनाएअनुसार उनीहरूले उपभोग गर्दै आएको पानी सफा छ । उत्तरदाता–५० फेरि थप्छन्, 'हाम्रो परिवारमा आमा र केटाकेटीहरूले प्रायः उमालेको पानी पिउँछन्, तर हामी अरू सदस्यहरू सोझै धाराको पानी पिउँछौं' । यस ठाउँका उपभोक्ताहरूले प्रायः कुनैपनि मौसममा पानीको अभाव भोग्नु नपरेको जानकारी प्राप्तभयो । यहाँ हरेक महिनाको अन्तिम शनिबार खानेपानी उपभोक्ता समितिको बैठक बसेर उपभोक्ताहरू देखिएका समस्या र सेवाविस्तार गर्नेबारे सामूहिक छलफल गर्छन् । खानेपानीको धारा जडान गर्न चाहने घरधुरीले मुख्य पाइपलाइनबाट आफ्नो पायकपर्ने स्थानमा धारा जडान गर्नकालागि आवश्यक पाइप, रड, टुटी, सिमेन्ट लगायतका अन्य निर्माण सामाग्री स्वयं व्यवस्था गर्नुपर्ने नियम छ (खानेपानी सेवा प्रवाहमा घरधुरीहरूको वित्तीय पहुँचकाबारेमा उप–खण्ड ५.२ मा छलफल गरिएको छ) ।

स्थानीयहरूका अनुसार, लिवाङ्ग ४ मा वितरण गरिएको खानेपानीको मुहान 'लिवाङ्ग गाविसकै सबैभन्दा उपयुक्त र रोजाइको स्रोत हो' (उत्तरदाता–३९, महिला) । यो खानेपानीको मुहान बस्तीभन्दा करिब एक किलोमिटर पर रहेको छ र बस्तीभन्दा बढी उचाइमा अवस्थित छ । बस्तीभन्दा उँचो स्थानमा मुहान भएकाले पनि यो पानी कम प्रदूषित भएको स्थानीयहरू बताउँछन् । मानवसिर्जित प्रदूषण सजिलै मिसिने भएकाले प्रायजसो बस्तीभन्दा कम उचाइमा रहेका खानेपानीका स्रोतहरू तुलनात्मकरूपमा बढी प्रदूषित भएको पाइन्छ । वडा नं. ४ मा बस्ने यसक्षेत्रका उपभोक्ताहरूले सामुदायिकरूपमा यो खानेपानी सेवा सञ्चालन गरेका हुन् । यद्यपि, अन्यत्रजस्तै यहाँपनि वर्षातको समयमा मुहानमा जङ्गलबाट आउने बाढी पसेर खानेपानी प्रदूषित हुने गरेको र पानीका कारण लाग्ने रोगहरू जस्तै झाडापखाला तथा निमोनियालगायतका रोगहरूको संक्रमण हुनेगरेको पाइयो । उपभोक्ताहरूले कहिलेकाहीँ सामूहिक रूपमा मुहान सरसफाइका कार्यक्रम संचालन गरेको पनि पाइयो, जुन पर्याप्त देखिँदैन । अन्यत्र जस्तै यहाँपनि हिँउदमा खानेपानी आपूर्तिको अवस्था विकराल हुने गरेको र जीविकोपार्जनमा समस्या हुनेगरेको स्थानीयहरू बताउँछन् । यही वडाको पुछारतिरका बासिन्दाहरूले पनि नजिकैको सानो खोला/खोल्साको पानीलाई पाइपमार्फत घरमै पुर्‍याएरधारा जडान गरेकाछन् । खोलाको तल्लो उपभोक्ता भएकोहुनाले आफुहरूलाई खानेपानी आपूर्ति गर्न सहज भएको बताउने यहाँका उपभोक्ताहरू खानेपानीको गुणस्तरप्रति भने सन्तुष्ट छैनन् । माथिल्ला बस्तीका उपभोक्ताहरूले खोलामा धेरै प्रदूषण गरेको उनीहरूको गुनासो छ । एक उपभोक्ता (उत्तरदाता–४२) बताउँछन्, खोलाको माथिल्लो भागमा बस्नेहरूले सुँगुर पाल्ने गरेको र उत्पादित फोहोर खोलामा मिसाउँदै आएकाछन् । उनी थप्छन्:

> *गुणस्तरीय खानेपानीमा हामी कुनैपनि घरधुरीको पहुँच छैन, कुनैपनि घरधुरी प्राप्त खानेपानीको गुणस्तरप्रति सन्तुष्ट छैनौं । विशेष गरी केटाकेटीहरूलाई प्रदूषित पानीकै कारण लाग्ने झाडापखाला र निमोनिया जस्तारोगहरूको उपचारमा यहाँका बासिन्दाले धेरै खर्च गर्नुपरेको छ ।*

अन्य मौसममा नियमितरूपमा खानेपानी आपूर्तिहुने यसै वडाका माथिल्ला बस्तीहरूमा हिँउदमा भने कष्ट छ । हिउँदयाममा उनीहरूले खानेपानी खेप्नकालागि टाढा–टाढाका स्रोतहरू धाउनुपर्ने बाध्यता छ । खानेपानीको अनियमित आपूर्तिका कथाहरू बुढागाउँ गाविसमा पनि लगभग उस्तै नै छन् । बुढागाउँ, वडा नं. १ का एकजना (उत्तरदाता–३६, महिला, जनजाति) को विचार यस्तो छः

> *हामी पहाडी क्षेत्रमा बसेका छौं र यहाँ खानेपानीका निश्चित स्रोतहरू छन् । यसैले, यहाँ नियमित तथा प्रवावकारी खानेपानी सेवा प्रवाह हुनसक्ने सम्भावना कम छ । हामीहरू समस्या पर्दाका बखत प्रायः नेता, प्रतिष्ठित मानिसहरू र अन्य सामाजिक तथा कुलीन व्यक्तिहरू कहाँ जान्छौं र समस्यालाई सामूहिकरूपमा सल्टाउन खोज्छौं । समाधानका अरू विकल्पभन्दा यो विकल्पले प्रभावकारीरूपमा काम गरेको छ ।*

बुढागाउँ गाविस ९ मा खानेपानीका स्थायी स्रोत छैनन् । यहाँका घरधुरीहरूले एउटा अस्थायी मूलको पानीलाई सानो कुवाबनाएर संकलन गर्दै उपभोग गर्दै आएकाछन् । अत्यन्तै न्यून घरधुरीमा मात्र केही धाराहरू जडान गरिएको पाइन्छ जहाँ खानेपानी आपूर्ति बर्खायाममा केही दिनकालागि मात्र सम्भव छ । यसै वडाका एकजना उपभोक्ता (उत्तरदाता–३०) भन्छन्:

*हाम्रो छिमेकी वडामा पानीका प्रशस्त स्रोतहरू छन् ( वडा १ को दक्षिण-पश्चिमतर्फ) । तर, हामीहरू यहाँ तिर्खामा बाँच्नुपरेको छ ।*

यी उत्तरदाताले बताएअनुसार, यहाँका बासिन्दाले पानीका प्रशस्त स्रोतहरू भएको उक्त छिमेकी वडासँग आफूहरूलाई पनि खानेपानी दिन अनुरोध गर्दै पटकपटक छलफल गरेकाछन् । आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकताहरू त्यहाँ उपलब्ध पानीका स्रोतहरूसँग जोडिएका हुनाले पानी अरू कसैलाई बाँढ्न नसक्ने जनाउँदै आएको छ उक्त छिमेकी वडाले । खानेपानी आपूर्ति गरेर बढी भएको पानीको थोरैमात्र अंश सिँचाइमा प्रयोग गरिएको छ । बाँकीपनि बगेर गएको देखिन्छ । यसै विषयलाई लिएर यी दुई वडाका बीचमा पटकपटक द्वन्द्वको अवस्था सिर्जना भएको छ । फरकफरक आवश्यकता, फरकफरक उपभोक्ता, भूगोलको फरक राजनीतिक सिमाना जस्ता कारकहरू द्वन्द्वको अवस्था सिर्जना गर्न प्रमुख देखिन्छन् । एउटै गाविसभित्रका सानासाना राजनीतिक सिमानाहरू भएका वडाहरूबीच जलस्रोत उपभोग, बाँडफाँड र वितरणमा देखिएको यस्तो टकरावको अवस्था आफैँमा गम्भीर तथा चुनौतीपूर्ण हो । यो विषयलाई गहन चासो दिएर अध्ययन गर्दा, द्वन्द्वको अवस्था अन्त्य गरेर उपलब्ध स्रोतहरूको उचित व्यवस्थापन गर्दै समग्र किसिमका उपभोगका सवाल र उपभोक्ताहरूलाई सन्तुष्ट पार्नेगरी काम गर्नसक्ने प्रभावकारी स्थानीय व्यक्ति, संस्था वा सरकारी निकायहरूको अभाव रहेको पाइयो ।

यसप्रकार, परम्परागतरूपमा चल्दैआएका खानेपानी सेवा तथा सेवाप्रदायकहरूले स्थानीय मानिसहरूका खानेपानी तथा सरसफाइ सम्बन्धित आवश्यकतालाई न्यायोचित रूपमा परिपूर्ति गर्न सक्षम नभएको देखिन्छ । यस अध्ययनले देखाएअनुसार, समुदाय वा राज्यले व्यवस्थापन गरेको खानेपानी सेवाका कार्यक्रमहरू भन्दा निजीतवरले व्यवस्थापन गरिएका खानेपानीका स्रोतहरूमा धेरै नियमित रूपमा खानेपानी उपलब्ध हुने गरेको पाइन्छ । आश्चर्यजनकरूपमा, आफ्नो खानेपानीको व्यवस्थापन निजीतवरले गर्ने घरधुरीहरूको राज्यका स्थानीय निकायहरू, गैरसरकारी संस्थाहरूलगायत स्थानीयरूपमा प्रभावशाली सामाजिक-राजनीतिक पहुँचवाला आदिसँग अत्यन्तै कम सम्बन्ध भएको वा सम्बन्ध नै नभएको देखिन्छ । यस्ता घरधुरीमध्येका केही भने आफ्नो खानेपानीको स्रोतको गुणस्तर सुधार्न आर्थिकरूपमा स्वयंसक्षम रहेको पनि देखिन्छ । जब मर्मत-सम्भारको आवश्यकता महसुस हुन्छ, यस्ता घरधुरीहरू अन्य निकाय भन्दा चाँडो खटिने गरेको देखिन्छ । एसएलआरसी-एनसिसिआरको क्वान्टिटेटिभ सर्वेक्षणको नतिजाले पनि यस्तै देखाएको छ (थप जान्न तथ्याङ्क ६ देखि १२ सम्म तुलनागरी हेर्नुहोस्) ।

खानेपानीको समस्याका समग्र अवस्थालाई सम्बोधन गर्न स्थानीय सरकार त्यति जवाफदेही नदेखिएको प्रस्ट हुन्छ । स्थानीय सरकारले जिल्लाव्यापी रूपमा खानेपानीका स्रोतलाई प्राकृतिक तथा जैविक प्रदूषणबाट जोगाउने, पानीको गुणस्तर कायम राख्न स्थानीय मानिसहरूमा संचेतना ल्याउने, उपभोक्ताहरूलाई खानेपानी शुद्धीकरण गर्ने तरिका र सामग्रीहरू प्रदान गर्ने जस्ता कामहरू एउटै कार्यक्रमबाट पनि गर्नसक्थ्यो । तर, यो अवस्था देखिँदैन । हामीले जिल्ला-जिल्लाबीच खानेपानी सेवा प्रवाहमा भएको सुधार र विकासको अवस्थालाई तुलनात्मक अध्ययन त गरेका छैनौं, यद्यपि द्वन्द्वपश्चातको समयमा स्थानीय सरकारले खानेपानी सेवा प्रवाहमा महत्वपूर्ण प्रगति गरेका तथ्याङ्कहरू पाइन्छन् । यदि हामीले अध्ययन गरेका क्षेत्रमा पनि खानेपानी सेवाको सुधार र विकासमा भएको झिनो प्रगतिलाई आधार मानेर हेर्ने हो भने, खानेपानी व्यवस्थापन समिति, खानेपानी उपभोक्ता समिति र अन्य स्थानीय निकायले महत्वपूर्ण योगदान गरेको देखिन्छ । द्वन्द्वपश्चातको समयमा खानेपानी सेवाप्रवाह अपेक्षितरूपमा प्रभावकारी हुननसकेपनि कम्तीमा सेवाको क्षमता केहीविस्तार भएको भने प्रस्ट देखिन्छ । नीति निर्माण र कार्यान्वयनमा तालमेल नहुँदा समग्र खानेपानी सेवा नै प्रभावित भएको देखिन्छ ।

## ५.२ वित्तीय पहुँच

सेवा प्रणालीमा एकरूपता नहुँदा रोल्पामा संचालनमा रहेका खानेपानी सेवाप्रदायकहरूले उपभोक्ताबाट असुल्ने सेवाशुल्कमा पनि एकरूपता छैन । सामान्यतया, अध्ययन गरिएका क्षेत्रहरूमा उपभोक्ताहरू आफूले उपभोग गर्दैआएको खानेपानी सेवावापत निर्धारित शुल्कप्रति सन्तुष्ट छैनन् ।

लिवाङ्ग गाविस ५ मा समुदायका मानिसहरू खानेपानी व्यवस्थापन समितिसँग सहकार्य गर्दै खानेपानी आपूर्ति गर्न लागिपरे । उनीहरूले पहिचान गरेको पानीको मुहानमा सानो बाँध/पोखरी बनाए र पाइपलाइनबाट घर तथा टोलमा धारा पुर्‍याए । हालको अवस्थामा उक्तबाँध कमजोर भइसकेको छ र त्यसको मर्मतको आवश्यकता छ । समितिसँग बाँध मर्मतकालागि प्राविधिक तथा वित्तीय क्षमता छैन । बाँध बाँधिएको क्षेत्रलाई वरपरबाट संरक्षण तथा सुरक्षित गरिएको छैन । केटाकेटीहरू त्यहीँ पौडी खेल्छन् भने केही स्थानीयहरू लापरबाही तरिकाले त्यहीँ कपडा धुन्छन् । खानेपानीका उपभोक्ताहरूले आफ्नो तर्फबाट सम्झाई-बुझाई गरेपनि त्यो प्रभावकारी नभएको उनीहरू गुनासो गर्छन् । उनीहरूले यो समस्याकाबारेमा विभिन्न समयमा गाविसको कार्यालय तथा जिल्ला विकास समितिमा जानकारी गराएको उनीहरू बताउँछन् । यद्यपि, 'समस्याको सुनुवाइ भएको छैन' (उत्तरदाता-२४, दलित, महिला) । यसैगरी, अर्की उत्तरदाता-२५ (ब्राह्मण, महिला)का अनुसार उनको घरधुरीले समितिले टोलमा उपलब्ध गराएको धाराबाट खानेपानी उपभोग गर्दछ जसकालागि खानेपानी व्यवस्थापन समितिलाई मासिक १ सय २५ रुपैयाँ तिर्नुपर्दछ । उनी भन्छिन्, 'सेवा प्रदायक सहयोगी खालको छैन' ।

> *खानेपानी सेवा नियमित नभएपनि हामी नियमितरूपमा शुल्क तिर्न बाध्य छौं । अनियमितरूपमा उपलब्ध सेवा उपभोग गर्दैआएका हामीले शुल्क तिर्न एक दिन ढिला गर्यौं भनेपनि उनीहरूले हामीलाई जरिवाना लगाउँछन् । अनि फेरि, यदि हामीले हाम्रो धारा मर्मत गरिदिनु पर्‍यो भन्दा उनीहरू हामीलाईनै मर्मत गर्न भन्छन् ।*

उनीबसेको क्षेत्रमा खानेपानीको सेवाबाट वञ्चित भएका कोही भएनभएको बारे उनलाई सोध्दा, उनी भन्छिन्ः

> *समितिले तोकेको सेवा शुल्क तिर्न नसक्ने केही घरधुरीहरू छन् । ती घरधुरीहरूले आफ्नो नजिकै उपलब्ध खानेपानीको सेवावापतको शुल्क तिर्न नसक्दा टाढाका पानीका स्रोतबाट खानेपानी खेप्न बाध्यछन् ।*

लिवाङ्ग गाविस ८ का लगभग सबैजसो घरधुरीले आफ्नालागि एउटा एकीकृत खानेपानीको कार्यक्रममा साझा लगानी गरेकाछन्, उनीहरू जिम्मेवारी पनि साझा रूपमा वहन गर्छन् भने जवाफदेहितालाई पनि साझारूपमै निभाउँछन् । आफ्नो क्षमताले नभ्याउनेखालका समस्या पर्दा उनीहरूले गाविस तथा जिविसको कार्यालयमा पटकपटक अनुरोध गर्नेगरेको तर उपभोक्ताहरूले कमै प्रतिक्रिया प्राप्त गरेको अनुभव सुनाउँछन् ।

अर्कातिर बुढागाउँ १ को अवस्था हेर्दा, त्यहाँका बासिन्दाले आफैँ खानेपानी व्यवस्थापनन समिति बनाएर खानेपानीको सेवा उपभोग गर्दैआएकाछन् । उनीहरू हरेक ६ महिनामा १ सय ८० रुपैयाँ सेवावापतको शुल्क तिर्छन् । खानेपानी दिनमा २ घण्टामात्र वितरण गरिने भएकाले त्यति समयमा आफ्ना आवश्यकताहरू पूराहुने मात्रामा पानी संकलन गर्न नसकेको गुनासो राख्छन् उनीहरू । उत्तरदाता-३६ले आफ्नो टोलमा जडान गरिएको सार्वजनिक धाराबाट खानेपानी उपभोग गर्दै आएकाछन् । यहाँका बासिन्दाहरू पनि हिउँदयाममा पानीको हाहाकार भोग्न बाध्यछन् । खानेपानी सेवा विस्तारका लागि कसैले जतिसुकै तिर्न तयार भएपनि सेवा विस्तार गर्नसक्ने कुनै विकल्प छैन । 'राज्यले यसमा कत्तिपनि सघाएको छैन' भन्छन् यहाँका बासिन्दा । पहाडी भूगोल भएको हुनाले सेवा विस्तारमा ठूलो समस्या रहेको देखिन्छ जसले प्रत्यक्षरूपमा यहाँका बासिन्दाहरूको जीविकोपार्जन नै कठिन भएको देखिन्छ ।

यसैगरी लिवाङ्ग ६ का बासिन्दाहरूले मासिकरूपमा शुल्क तिर्दै खानेपानी सेवाको उपभोग गर्दै आएकाछन् भने कहिलेकाहीँ उनीहरू मर्मतकालागि पनि थप शुल्क तिर्छन् । सेवा वापत उठाइएको शुल्कपनि समितिले संरचनाको मर्मत, संचालकको तलब तथा अन्य प्रशासनिक काममै खर्च गर्दै आएपनि सेवा प्रभावकारी देखिँदैन । सेवा शुल्कबारे उत्तरदाता-५० को धारणा यस्तो छ, 'खानेपानी सेवा भनेको राज्यले प्रदान गर्नुपर्ने आधारभूत सेवा भएकाले यो निशुल्क हुनुपर्ने हो ।' एक अर्का स्थानीय (उत्तरदाता-५२) थप्छन्ः

> *हामीले नियमित सेवाशुल्क तिरेपछि प्रभावकारी खानेपानी सेवामा पहुँच पाउनुपर्छ । खानेपानीको गुणस्तर सुधार्नु पर्छ, र नियमित आपूर्ति हुनुपर्दछ । खानेपानी सेवा प्रवाहको सवालमा गाविस कार्यालयले प्रभावकारी भूमिका खेल्न सकेको छैन । त्यसैले यहाँका मानिसहरू राज्यले आफ्ना नागरिकहरूलाई खानेपानी सेवा प्रवाह गर्नुपर्ने*

*जिम्मेवारी पूरा गर्न नसकेको महसुस गर्छन् । केन्द्रीय सरकारपनि स्थानीय सरकारले बनाउने योजना र तिनको कार्यान्वियनको मूल्याङ्कन गर्नमा चुकेको छ ।*

### ५.३ सामाजिक राजनीतिक बाधा/अड्चन

प्रभावकारी खानेपानी सेवा प्रवाह गर्न तथा अझ सुधार गर्दै सेवा प्रवाहलाई अवसरकारूपमा प्रयोग गर्नमा सामजिक-राजनीतिक बाधा/अड्चनहरू मुख्य बाधक भएको तर्क गर्न सकिन्छ । वेल्वेर (२०१२:२)का अनुसार, नेपालको समकालीन राजनीतिक, सामाजिक, आर्थिक विकास र विद्यमान समस्याहरूमा जातभातको विभेद एउटा जटिल कारक हो । लैङ्गिक, जातीय र धर्मका आधारमा हुने विभेदपूर्ण व्यवहारलाई थप अवरोधका रूपमा हेर्न सकिन्छ । तर हामीले अध्ययन गरेको क्षेत्रमा ८० प्रतिशत भन्दा बढी उत्तरदाताले त्यहाँ जातभातको विभेद नरहेको बताएकाछन् । जातभातलाई आधार बनाएर हुने विभेदको अवस्था अन्त्य हुनुमा केही उत्तरदाताहरू माओवादी आन्दोलनलाई श्रेय दिन्छन् (उत्तरदाता-३७) । यसैगरी, उत्तरदाता-३९ (महिला) थप्छिन्ः

*जातभातको विभेद अन्त्य हुनुपछाडिको पहिलो कारण माओवादी आन्दोलनले उठाएको विभेदविरुद्धको मुद्दाले मानिसहरूमा सचेतना ल्याउनु हो भने दोस्रो कारण यहाँ वहुसंख्यक मानिसहरू जनजाति हुनु हो ।*

खानेपानीका स्रोतहरू न्यून भएपनि लिवाङ्ग ८ मा खानेपानीका स्रोतहरूको प्रयोगमा कुनैखालका विभेदहरू नभएको बताउँछन् यसक्षेत्रमा सर्वेक्षण सहभागी उत्तरदाताहरू । जनजाति परिवारका एक ३७ वर्षीय पुरुष सदस्य (उत्तरदाता-३२) भन्छन्ः

*मानव अधिकारको वकालत गर्ने विभिन्न कार्यक्रमहरूका कारण यहाँका दलित, महिला, अल्पसंख्यक, तथा पिछडिएका सबैको खानेपानी सेवा प्रवाहमा प्रभाव राख्नसक्ने पहुँच समान खालको छ । माओवादी आन्दोलनले पनि विभेदविरुद्ध मानिसहरूमा सकारात्मक संचेतनाको वृद्धि गरेको हो ।*

यसैगरी, बुढागाउँ ९ का एक स्थानीय (उत्तरदाता-३०) भन्छन्ः लैङ्गिकता, जात/जाति तथा धर्मका आधारमा विभेद हुनु राम्रो होइन भन्ने कुरामा यहाँका मानिसहरू सु-सूचित छन् ।

*उत्तरदाता-३२ (लिवाङ्ग ८, जनजाति पुरुष)ले बताएअनुसार कुनैपनि किसिमका विभेदहरू उचित हैनन भन्ने कुरामा आममानिसहरू सचेत हुँदै गएकाछन् । यद्यपि, यहाँका जनजाति, दलित वा अन्य समुदायका जो सुकै होउन, आर्थिक हिसाबले सबैको अवस्था उस्तै-उस्तै हो, त्यसैले 'सेवाप्रदायकले कसैलाई पनि विभेद गर्न नहुने' उनी बताउँछन् । आजभोलि दलित तथा महिलाहरूलाई सेवाहरूमा बढी प्राथमिकता दिन थालिएको जस्तो लाग्छ उत्तरदाता-४० लाई पनि । उनले बताएअनुसार, अन्यत्रजस्तै यहाँपनि दलितहरूलाई विभेद गर्ने प्रचलन यहाँपनि कायमै थियो । उनीहरूलाई ब्राह्मण वा अन्य कुनै माथिल्लो जातका घरधुरीमा छिर्न दिइँदैनथ्यो । उनीहरूलाई 'अछुत' मानिन्थ्यो, र त्यही अनुसार व्यवहार गरिन्थ्यो ।तर आजभोलि दलितहरूलाई पनि उपल्लो जातका मानिसहरूले आफ्नो घरमा स्वागत गर्ने गरेको बताउँछन् उनी ।*

उत्तरदाता-२४ (एक दलित महिला)लाई पनि लाग्छ कि 'जातभातका आधारमा हुने विभेद आजभोलि धेरै नै घटेको छ' । नजिकैको विद्यालयको छात्रावासमा कामगर्ने उनी थप्छिन् ः

*यहाँ यस्ताखाले कुनैपनि विभेदहरू छैनन् । म आँफू नै दलित समुदायकी महिला हुँ, मलाई लाग्दैन कि म माथि विभेदपूर्ण व्यवहार भएको छ ।*

दलित समुदायलाई विभेद नभएको अनुभव सुनाउने उत्तरदाताको संख्या धेरै भएपनि, ब्राह्मण समुदायकी एक स्थानीय (उत्तरदाता-५१) को अलि फरक मत छ । उनका अनुसार, यदि पानीको पहुँचका आधारमा हेर्नेहो भने विभेद उन्मूलन भएको छैन । अन्य माथिल्लो जातका मानिसहरूले सार्वजनिक धाराको प्रयोग गरिरहेको बेलामा त्यहाँका दलितहरूले खानेपानी खेप्न नपाएको बताउँछिन् उनी । यस्तो अवस्थामा दलितहरूले केही टाढा गएर मूलको पानी खेप्ने गरेको उनी बताउँछिन् ।

अन्यत्र धर्मका आधारमा हुने विभेदहरूको प्रमाण हामीले नभेटेपनि बुढागाउँ-९ मा उत्तरदाताहरूसँग यस्ता विभेदका केही अनुभवहरू भएको पाइयो। त्यहीँका एकजना स्थानीय (उत्तरदाता-३०)ले क्रिस्चियन अल्पसंख्यकहरूमाथि विभेद हुनेगरेको बताए। अरू धर्मका मान्छेहरू (जसको समाजमा गाईलाई पुजिन्छ र गाईको मासुखानु पाप मानिन्छ)ले यहाँका क्रिस्चियनहरूलाई 'गाईखाने' (गाईको मासुखाने) भनी विभेद गर्नेगरेको उनी सुनाउँछन् । गैर क्रिस्चियन मानिसहरू (विशेषगरी उपल्लो जातका) क्रिस्चियनहरूले छोएको पानीपनि नखाने बताउँछन् उनी । अध्ययन गरिएका अन्य ठाउँहरूमा 'एकै किसिमको धर्ममान्ने मानिसहरू अत्यधिक रहेको हुनाले पनि विभेदको अवस्था देखिँदैन। लिवाङ्ग ६ मा त लगभग सबैमानिसहरू हिन्दू छन्' (उत्तरदाता-५२) ।

अध्ययन गरिएका केही ठाँउमा मानिसहरू आफूले राख्दै/मान्दै आएको आस्थाका कारण खानेपानीका स्रोतहरूको प्रयोगमा अरूलाई प्रतिबन्ध लगाउने गरेको पनि पाइयो। बुढागाउँको तल्लो भेगका मानिसहरूले आफ्नो वडामा भएका पानीका मुहानहरूको पानी अरू वडाकालाई दिन नहुने अडान राख्दै आएका छन्। पानी अरूलाई बाँढ्यो भने आफ्नो वडा 'सुख्खा हुने तथा हरियाली देख्न नपाइने' उनीहरूको बुझाइ छ, जुन अवस्था उनीहरूकालागि प्रकृति(भगवान)ले दिएको सजाय हुनेछ।

लैङ्गिकताका आधारमा हुने विभेदको सवालमा उत्तरदाताहरूमा फरक-फरक धारणा रहेको पाइन्छ । उत्तरदाता-२४ (महिला, दलित, बुढागाउँ ९)लाई यस्तो किसिमको विभेद विद्यमान छ भन्ने लाग्दैन । उनका अनुसार, रेडियो तथा टिभीले लैङ्गिक समानताका बारेमा मानिसहरूलाई सु-सूचित गरेर विभेदको अन्त्य गर्न सोही अनुरूपका कार्यक्रमहरू प्रसारण गर्दैआएका छन्। यद्यपि, अध्ययन क्षेत्रका घरधुरीमा खानेपानी खेप्ने जिम्मेवारीलाई कसले कसरी निभाएको छ भन्ने आधारमा हेर्नेहो भने उच्च विभेदको अवस्था देखिन्छ। पुरुषप्रधान समाजमा 'खानेपानी खेप्ने' काम 'महिलाहरूको एउटा काम'को रूपमा हेरिने गरेको पाइन्छ । जनजाति परिवारकी एक महिला (उत्तरदाता-४१) आफूले तल खेतको मूलबाट खानेपानी खेप्न आधा घण्टा खर्च हुने गरेको बताउँछिन्। पानी बोकेर उकालो चढ्न निकै कठिन हुने गरेको बताउँछिन् उनी । यस्तो अवस्थामा यदि कुनै घरधुरीले उपभोग गर्ने खानेपानीका स्रोतहरू आधा घण्टा वा सोभन्दा टाढा अवस्थित छन् र खानेपानी खेप्ने काम महिलाको मात्र हो भनेर व्यवहार गरिन्छ भने यसले लैङ्गिक विभेदको अवस्थालाई झनै विस्तारित गर्दछ। खानेपानी खेप्न व्यतीत गर्नुपर्ने यो अतिरिक्त समयले महिलाहरूको शैक्षिक तथा सामाजिक कार्यहरूमा दिने समयको कटौती गर्दछ। टाढाका स्रोतहरूबाट पानी खेप्दा समय धेरैलाग्ने हुनाले विशेषगरी स्कूल जाने उमेर समूहका केटीहरूको स्कूलसमयमा कटौती हुन्छ। यसै सन्दर्भमा उत्तरदाता-३९ (लिवाङ्ग ४ की एक महिला) थप्छिन्:

> *केही सवालहरूमा पुरुषहरूले महिलालाई विभेद गरेकाछन् । उदाहरणकालागि, घरमा उपभोग गर्ने खानेपानी खेप्ने काम महिलाहरूको मात्र हो भन्ने सोचाइ जीवितै छ, यो न्याय होइन ।*

राम्रो सेवाप्रवाहकोलागि स्थानीय राजनीतिक प्रभाव महत्वपूर्ण हुन्छ भन्नेमा लगभग सबैजसो उत्तरदाताहरू सहमत देखिन्छन्। केही उत्तरदाताहरू आफ्नो क्षेत्रमा गाविसको बजेट बाँडफाँडमा पहुँचराख्ने प्रभावशाली राजनीतिक व्यक्ति नभएकै कारणले आफूहरु सेवाबाट वञ्चित हुनुपरेको बताउँछन् । गाविसबाट हुने बजेटको बाँडफाँडमा स्थानीय राजनीतिक दलका नेताहरूको प्रभाव हुने धारणा राख्छिन् उत्तरदाता-२४ (एक दलित महिला, लिवाङ्ग ५) । यसैगरी, गाविसबाट हुने बजेटको बाँडफाँडमा राजनीतिक दलका 'वर्तमान प्रतिनिधिहरूको मात्र नभई भूतपूर्व प्रतिनिधिहरूको पनि उत्तिकै प्रभाव रहनेगरेको पाइन्छ ' (उत्तरदाता-४३, क्षत्री महिला)।

उत्तरदाता-४० ले बताएअनुसार, कहिलेकाहीँ राजनीतिक सम्बन्धहरू र त्यसको प्रभावले समतामूलक सेवा प्रवाहमा योगदान पुऱ्याएको । केहीकेही यस्ता उदाहरणहरू पनि भेटिन्छन् जहाँ उपभोक्ताले नै खानेपानी सेवा सञ्चालन गर्नेहरूलाई प्रभावमा पारेर आफ्नो क्षेत्रमा खानेपानी धेरै समयसम्म प्रवाह गर्न लगाउँछन् ।

बुढागाउँ ९ मा ठूलो बजेट विनियोजन गराउनसक्ने गरी प्रभावराख्ने स्थानीयहरू छैनन् । एक स्थानीय उत्तरदाता–४१ (जनजाति महिला)का अनुसार 'न सरकारले न त अन्य कुनै नियोगले नै खानेपानीको आपूर्तिमा सहयोग गरेकाछन्' । उनका छिमेकी टोलहरूमा खानेपानीका केही ट्याङ्की छन् । तर उनको टोलमा न त भरपर्दो खानेपानी सेवा छ, न त खानेपानी सेवा प्रदायकलाई प्रभावमा राख्ने व्यक्ति नै । यहाँका मानिसहरूले नजिकैको खानेपानी सेवाप्रदायकलाई आफ्नो क्षेत्रमापनि खानेपानी आपूर्ति गर्न पटकपटक अनुरोध गर्दै आएको बताउँछन् । तर उनीहरूको समस्या समाधान भएको छैन । उनीहरूको एकमत छ, 'यसकारण हामी धेरै दुखी छौं' ।

उत्तरदाता–५२ (पुरुष, लिवाङ्ग ६)का अनुसार स्थानीयस्तरमा राजनीतिक सम्बद्धताका आधारमा विभेद नभएतापनि यदि कसैको राजनीतिक सम्बन्ध/संलग्नता छ भने उनीहरूका समस्याहरूको सुनुवाइ चाँडै हुने गरेको तर सम्बन्ध नहुनेहरूले आफ्नो समस्या सम्बोधन हुनकालागि तुलनात्मकरूपमा धेरै समय कुर्नु परेको छ ।

लिवाङ्ग ४ मूलपानी बस्नेक्षत्री परिवारकी एक महिला (उत्तरदाता–३९) लाई उनको क्षेत्रमा 'राजनीतिक संलग्नताका आधारमा विभेद हुनेगरेको छ' जस्तो लाग्छ । उनी भन्छिन्ः

> *यहाँ राजनीतिकरूपमा हुने विभेदको अवस्था व्यापक छ । स्थानीय राजनीतिक दलका प्रतिनिधिको भन्दा फरक राजनीतिक विचार राखेकै आधारमा केही समुदायका मानिसहरू विकासबाट वञ्चित छन् । पानीको मुहानबाट नजिकका घरधुरीमा धारा जडान गरिएको तर टाढाका घरधुरीमा धारा नै नहुने अवस्था पनि छ ।*

राजनीतिक विभेदकै सवालमा यही वडाम बस्ने अन्य केहीको विचार यस्तो छः

> *यहाँ राजनीतिक संलग्नताका आधारमा विभेद छ – यदि कुनै क्षेत्रमा राजनीतिक दलका नेताको र स्थानीयहरूको राजनीतिक विचार फरक छ भने त्यहाँ विकासका काम हुने सम्भावना शून्य हुन्छ । – उत्तरदाता–४२ (पुरुष, लिवाङ्ग ४)*
>
> *स्थानीय दलका नेताहरूको भन्दा फरक राजनीतिक आदर्श भएका मानिसहरूको समुदायमा विकास निर्माणका कामहरू भएका छैनन् । – उत्तरदाता–२४ (दलित महिला, बुढागाउँ ५)*
>
> *राजनीतिक पहुँचभएकाहरूले विकास कार्य र विकासकार्यको बजेट विनियोजनमा प्रभाव राख्छन् । दलका नेताको भन्दा फरक राजनीतिक विचार राख्ने स्थानीयहरूलाई फरक तरिकाले हेरिन्छ ।– उत्तरदाता–३७( जनजाति महिला, लिवाङ्ग ४)*

उत्तरदाता–३९का अनुसार, सामाजिक–राजनीतिक पहुँचको सवालमा पुरुषकोभन्दा महिलाहरूको फरक दृष्टिकोण रहेको पाइन्छ । औसतमा महिला उत्तरदाताहरू आफ्नो क्षेत्रमा हुने राजनीतिक गतिविधिहरूमा कम सचेत भएको पाइन्छ । घरायसी कामको बढी बोझ हुनु तथा राजनीतिक सरोकार राख्ने गतिविधिहरूमै सहभागिता कम हुनुले गर्दा महिलाहरूको राजनीतिक चेतना कम भएको देखिन्छ ।

अन्त्यमा, यस अध्ययनले देखाएअनुसार, खानेपानी सेवाको पहुँचमा जातीय विभेदको अवस्था धेरै हदसम्म घटेको छ (यद्यपि, केही दुर्गम वडाहरूमा विभेद गरिएका केही प्रमाणहरू अझै भेटिन्छन्)। विभेदको स्तर घटेको यो उपलब्धिका पछाडि बारम्बारका अधिकारसम्बन्धी आन्दोलन, रेडियो टिभीबाट प्रसारण भएका ार्यक्रम, पत्रपत्रिकामा छापिएका लेख आदिले महत्वपूर्ण योगदान पुऱ्याएका छन् । माओवादी आन्दोलनले पनि यो उपलब्धि प्राप्तिका लागि ठूलो योगदान पुऱ्याएकोछ । यसैगरी, यस अध्ययनले पत्तालगाए अनुसार, स्थानीय नि/वर्तमान राजनीतिकर्मी, प्रशासनिक तन्त्रमा कामगर्ने कर्मचारीहरू तथा अन्य सामाजिक कुलीनहरूले खानेपानी सेवा प्रवाहमा आफ्नो प्रभाव कायम राखिरहेका छन् । उनीहरूले राख्ने स्वार्थपूर्ण सोच र प्रदर्शन गर्ने स्वार्थपूर्ण व्यवहारले समग्र खानेपानी सेवा प्रवाहमा असमानता देखिन्छ । अध्ययनले पत्तालगाए अनुसार, घरधुरीकालागि आवश्यक खानेपानी खेप्नुपर्ने र त्यसको उपयोगिता सम्बन्धी काममा पनि महिला नै बढी संलग्न हुनुपर्ने कुरा विभेदपूर्ण देखिन्छ । अन्यखालका लैङ्गिक विभेदको अवस्था नदेखिएपनि

खानेपानी संकलन र उपयोगिताका काममा महिलाहरूलाई ज्यादा भूमिका दिनुले उनीहरूको समग्र उन्नतिमा असर गरेको देखिन्छ ।

### ५.४ प्रशासनिक बाधा/अड्चन

यस अनुसन्धानको अध्ययन क्षेत्रमा विभिन्न समुदायहरू छन् र खानेपानीको सेवाप्रवाहमा जिम्मेवार सेवाप्रदायकहरू पनि विभिन्न किसिमका छन् । सोहीअनुरूप उनीहरूले प्रवाह गर्ने सेवाको स्तरमा पनि विविधता छ । सर्वेक्षण गरिएका अधिकांश उत्तरदाताहरूले सेवाप्रवाहमा प्रशासनिक ढिला–सुस्ती, भ्रष्टचार लगायत अन्य वाधा/अड्चनहरू भएको अनुभव गर्छन् । यसैगरी, आफ्नो क्षेत्रमा खानेपानी सेवा प्रवाहकालागि गाविस तथा अन्य प्रशासनिक निकायहरूलाई बजेट विनियोजन गर्नलगाउन पनि स्थानीयस्तरका प्रभावशाली मान्छेहरू खोज्नुपर्ने गुनासो छ उनीहरुको । खानेपानीको सेवा प्रवाहमा स्थानीय सरकारका निकाय तथा केन्द्रीय सरकारमा पनि आवश्यक स्रोत साधनको पर्याप्तता नभएको गुनासो गर्छन्अधिकांश उत्तरदाताहरू । लिवाङ्ग ८ मा विशेषगरी हिँउदयाममा खानेपानीको बढ्दो अभाव हुँदै गएको छ र आपूर्ति पनि अनियमित खालको छ । एकजना स्थानीय (उत्तरदाता–३२)ले बताएअनुसार उनको समुदायका मानिसहरूले नेपाल खानेपानी संस्थानमा पटकपटक गुनासो दर्ता गराएको तर कुनै समाधान नभएको जिकिर गर्छन् । 'संस्थानका कर्मचारीहरूले आफूकहाँ पर्याप्त बजेट नभएको बताउँदै आएकाछन् ।' उनी थप्छन्ः

> *यस्तो परिस्थितिमा पनि दलका स्थानीय नेताहरूले आफ्नो सम्बन्धको आधारमा सेवाप्रदायकलाई प्रभावपार्न हरसम्भव प्रयास गरेका छन् । यद्यपि, अझैपनि समस्याको समाधान हुनसकेको छैन ।*

तर, बुढागाउँ गाविस ७ का एक दलित स्थानीयसँग खानेपानीको सेवा सुधारबारेको सकारात्मक अनुभव छः

> *पहिले हाम्रा घरधुरीहरूमा खानेपानीको पहुँच थिएन । एकपटक हामी समुदायका मानिसहरू गाविस तथा जिविस कार्यालयमा गएर खानेपानी अभावसम्वन्धी आफ्ना गुनासाहरू राख्यौं । यसपटक उनीहरूले हाम्रा गुनासा सुने र घरमा धारा जडान गर्न, पाइपलाइन विछ्याउन बजेट विनियोजन गरे ।*

अर्कातिर, बुढागाउँ ७ कै अर्की एक क्षत्री महिला (उत्तरदाता–४९)का अनुसार, यहाँका मानिसहरू सेवाप्रदायकलाई प्रभाव पार्ने संयन्त्रका बारेमा अनभिज्ञ छन् । प्रायः उनीहरू कसैसँग आफ्ना गुनासा नै राख्दैनन् ।

आफ्नो खानेपानीको व्यवस्थापन सक्रियरूपमा आफैँ गर्दै आएका उत्तरदाताहरूको प्रतिक्रिया तुलनात्मक रूपमा सकारात्मक भएको देखिन्छ । सरसर्ती हेर्दा, स्थानीय खानेपानी उपभोक्ता समूहहरूको गठनले मानिसहरूको संचेतनाको स्तर बढेको छ । उनीहरू उपलब्ध स्रोतहरूको बारेमा जानकार छन् र त्यसबाट पाउनुपर्ने फाइदा तथा वहन गर्नुपर्ने जोखिमका बारेमा पनि सचेत छन् । लिवाङ्ग ८ बस्ने स्थानीय दलित परिवारका एक पुरुष सदस्य (उत्तरदाता–२५)सम्झन्छन्, सरकारका स्थानीय निकाय (गाविस र भूमि संरक्षण कार्यालय)ले उनीहरूको सामुदायिक खानेपानी व्यवस्थापन कार्यक्रमको शुरूआती चरणमा नगद ८४ हजारप्रदान गरेको थियो । खानेपानी कार्यक्रम सञ्चालनमा ल्याउनकालागि समुदायका उपभोक्ताहरूले पनि कूल ३४ हजाररुपैयाँ लगानी गरे भने योजना सम्पन्न नहुन्जेलसम्म अधिकांश समय श्रमदान पनि गरे ।

लिवाङ्ग ४ मा समुदायका उपभोक्ताहरूले आफ्नो खानेपानीको स्रोत आफैँ सफा गर्दै आएको बताउँछन् एक स्थानीय (उत्तरदाता–४५) । स्रोत सफागर्ने, गुनासा तथा समस्या समाधान गर्ने लगायतका कामका लागि खानेपानी व्यवस्थापन समितिले आवश्यक पर्दा बैठक डाक्ने गरेको उनी बताउँछन् । यहाँका सबै उपभोक्ताहरू खानेपानी उपभोक्ता समितिमा आवद्ध छन् र खानेपानी व्यवस्थापन समितिमा पनि स्थानीय उपभोक्ताहरू नै छन् । त्यसैले उनीहरू 'प्रश्न गर्ने, गुनासा राख्ने आदिभन्दा आफैँ जिम्मेवारी वहन गर्न' (उत्तरदाता–४५) बढी अग्रसर छन् । उनको समुदायमा मानिसहरू सेवाको गुणस्तर, विश्वसनीयता तथा नियमितताको अवस्थाप्रति सन्तुष्ट नहुँदा सेवा प्रवाहमा प्रभाव राख्न सक्षम छन् कि छैनन् भन्ने प्रश्नमा उनी भन्छन् ः

*अँ, सक्षम छन् ! हामीले सामूहिकरूपमा पहल गर्नुपर्छ । हामी हरेक क्षेत्रमा प्रभाव राख्न सक्छौं । कुनै गुनासो तथा उजुरी दर्ता गर्दापनि व्यक्तिगतरूपमा गर्नुभन्दा सामूहिकरूपमा दर्ता गराउँदा प्रभावकारी हुन्छ । किनभने, सामूहिक चासोका रूपमा गुनासो लिएर जाँदा त्यसले सेवा प्रदायकलाई गुनासो राम्रोसँग सुन्न दबाब हुन्छ ।*

यसै क्षेत्रका अर्का एक स्थानीय (उत्तरदाता-४४)को तर्कअनुसार यहाँका उपभोक्ताहरू आफ्नो खानेपानी सेवाबारेका विविध विषयहरूमा जानकार छन् र राम्रो व्यवस्थापनकालागि उनीहरू धेरै नै खटेका छन् । आफ्नो खानेपानी सेवाका बारेमा विविध जानकारीहरू आदान-प्रदान गर्नमा उपभोक्ताहरू नै बढी महत्वपूर्ण हुने कुरामा उत्तरदाता-३९ पनि सहमत छिन् । यही वडा (लिवाङ्ग ४) कै तल्लो भेगका अर्का एकजना (उत्तरदाता-४२) पनि जानकारी आदान-प्रदानमा उपभोक्ता समूह नै बढी प्रभावकारी हुने गरेको अनुभव सुनाउँछन् । यहाँका उपभोक्ताहरू खानेपानी सेवाको मर्मत गर्न तथा स्रोत सफागर्न आफैँ पैसा उठाउँछन् । यद्यपी, हिँउदयाममा खानेपानीको नियमित जोहो गर्न कठिन हुनेगरेको बताउँछन् उनीहरू । यसै सन्दर्भमा, उत्तरदाता-४२ भन्छन्, 'वर्षको हरेक समय र मौसममा मानिसलाई सफा र सुरक्षित खानेपानी उपलब्ध हुनुपर्छ' । यहाँका सेवा प्रदायकलाई प्रभावमा राख्नसक्ने स्थानीयहरू पनि छन् । तर स्थानीय चुनाव नभएको र स्थानीय निकाय पदाधिकारी विहीन भएको हालको अवस्थामा गाविस सचिव एक्लैले नीति तय गर्ने र निर्णय लिनेभएको हुनाले बजेट विनियोजनमा पनि गाविस सचिवकै बढी भूमिका हुन्छ । यस्तो अवस्थामा गाविसबाट हुने निर्णय तथा प्राथमिकताका काममा स्थानीय राजनीतिक अभिरुचि अनुसार काम हुनपनि सक्छ/ नहुनपनि सक्छ । उत्तरदाता-३७को विचारमा, यस्तो अवस्थामा पनि 'केही राजनीतिक दलका स्थानीय प्रतिनिधिहरू सेवा प्रवाह तथा बजेट विनियोजन प्रक्रियामा प्रभाव राख्न सक्ने' खालका छन् ।

यस अध्ययनले देखाएअनुसार, सेवाको पहुँचमा प्रशासनिक अवरोधको सवालमा महिलाहरूको अवधारणा बुझ्न सामान्यतया कठिन देखियो । सेवाको पहुँचका सम्बन्धमा सेवाप्रदायक समक्ष पुग्दा उनीहरूलाई के कस्ता प्रशासनिक बाधा/अवरोधहरू अनुभव गर्नुपऱ्यो भन्ने प्रश्नमा, सर्वेक्षण गरिएका कूल महिलामध्येका आधाले आफूलाई यसबारे थाहा नभएको बताएका छन् । निवेदन हाल्ने, सेवा शुल्क भुक्तानी गर्ने तथा सम्बन्धित अन्य सल्लाह सुझाव लिने काममा प्रायः पुरुषहरू संलग्न हुने भएकाले महिलाहरूसँग सेवा प्रवाहमा हुने प्रशासनिक बाधा/अवरोधहरूका बारेमा अनुभव कम भएको देखिन्छ ।

प्रभावकारी सेवा प्रवाहगर्नकालागि सूचना आदान-प्रदान गर्नु महत्वपूर्ण हुन्छ । यदि सेवा प्रदायकका काम, कर्तव्य र अधिकारबारे मानिसहरू सुसूचित भएभने त्यहाँ विरोधाभासको गुञ्जायस रहँदैन । सेवाप्रवाह र सम्वन्धित प्रक्रियाका बारेमा नागरिक बडापत्रमा उल्लेख गरेर सबैले देख्न ठाउँमा राख्ने हो भने पनि त्यसले उपभोक्ताहरूलाई सेवा र प्रक्रियाबारे जानकारी बढाउन मद्दत गर्दछ । नागरिक बडापत्रमा प्रायः सेवाका प्रकार, सेवाको पहुँचकालागि प्रक्रिया तथा आवश्यक कागजातको बारेमा उल्लेख गरिन्छ । एक हिसाबले हेर्दा, अध्ययन गरिएको क्षेत्रमा स्थानीय सरकारका निकायहरूमा नागरिक बडापत्र राखिएको देखीन्छ, जसले सेवामा पारदर्शिताको एउटा स्तर सन्तुलन गर्नखोजेको देखिन्छ । भुसाल (मिति उपलब्ध नभएको)का अनुसार, सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न नागरिक बडापत्र केन्द्रीय सरकारका विविध रणनीति अर्न्तगतको एउटा रणनीति हो । नागरिक बडापत्रले एकातिर पारदर्शिता कायम राख्न मद्दत गर्दछ भने अर्कातिर नागरिकको सूचनाको अधिकार सुरक्षित गर्दछ । यद्यपि, नागरिक बडापत्र मात्रै पारदर्शिताको पूर्णता होइन । खानेपानी सेवाको सवालमा हेर्नेहो भने, प्रवाहित खानेपानीको मात्रा कति छ, गुणस्तर कस्तो छ, कसरी वितरण गरिएको छ, आवश्यक रकम कहाँबाट कसरी जुटेको छ र कसरी खर्च गरिएको छ जस्ता सवालहरू प्रायः अनुत्तरित नै रहेको देखिन्छ ।

अन्त्यमा, अध्ययन क्षेत्रमा खानेपानी सेवा प्रवाहको समग्र अवस्थालाई हेर्दा, विभिन्न टोल तथा समुदायमा विभिन्न किसिमका सेवाप्रदायकहरू कार्यरत देखिन्छन् जसले गर्दा उपभोक्ताहरूको सेवा तथा सेवाप्रदायकप्रतिका अनुभवहरूमा पनि व्यापक विविधता छ । तथापि, सेवाको पहुँचमा हुने गरेका प्रशासनिक बाधा/अड्चन, भ्रष्टाचार लगायतका अन्य सवालहरूमा धेरैजसो उत्तरदाताहरूको एकै किसिमको धारणा रहेको कुरा यस अध्ययनले देखाउँछ । खानेपानी सेवाको

व्यवस्थापन गर्ने तथा बजेट विनियोजनको प्रक्रियामा अझैपनि गाविस तथा अन्य स्थानीय प्रशासनिक निकायलाई प्रभावमा पार्नसक्ने प्रभावशाली व्यक्ति गुहार्नैपर्ने अवस्था देखिन्छ । यसप्रकार हेर्दा, प्रशासनिक बाधा/अड्चनले पनि समग्र खानेपानी सेवाको गुणस्तर सुधार तथा विकासमा अवरोध पुऱ्याएको देखिन्छ ।

## ५.५ आम मानिसको अपेक्षा रस्थानीय तथा केन्द्रीय सरकारप्रति उनीहरूको दृष्टिकोण

एसएलआरसी–एनसीसीआरको क्वान्टिटेटिभ सर्वेक्षणले देखाएकै नतिजा (तथ्याङ्क १३मा हेर्नुहोस्) अनुसार यस क्वालिटेटिभ अध्ययनले पनि राज्यका निकायहरूमा पहुँच हुनेहरूले गर्ने निर्णय तथा कार्यक्रमहरूमा स्थानीयहरूका प्राथमिकता कम प्रतिबिम्बित भएको देखाउँछ ।

सर्वेक्षण गरिएका अधिकांश उत्तरदाताहरू राज्यले आफ्नो भूमिका निर्वाह गर्न नसकेको महसुस गर्छन् । जनजाति परिवारकी एक महिला सदस्य (उत्तरदाता–३७)का अनुसार, लिवाङ्ग ८ खानेपानी सेवा व्यवस्थापनमा गाविसको कम संलग्नता देखिन्छ । उनी भन्छिन्–'मलाई त गाविसले खानेपानी सेवा व्यवस्थापनमा के भूमिका खेल्छ, त्यो पनि थाहा छैन ।' यसैगरी, उत्तरदाता–५२ भन्छन्ः

> *हुनत हामीले हाम्रो खानेपानीको व्यवस्थापन आफैँ गर्दै आएका छौं, तर खानेपानी तथा स्वास्थ्य जस्ता आधारभूत सार्वजनिक सेवाहरू व्यवस्थापन गर्ने दायित्व राज्यको हो । यदि राज्यले नै हामीलाई हेर्दैन भने कसले हेर्छ ? खानेपानी सेवाको सन्दर्भमा मैले त सरकारी कार्यालयहरूले सेवा शुल्क असुली गरेकोमात्र देख्छु । मेरो कुराको मतलव के हो भने, यदि मानिसहरूले सेवाकालागि शुल्क तिरिरहेका छन् भने सेवाको विश्वसनीय हुनुपर्दछ र उचित व्यवस्थापन पनि हुनुपर्दछ ।*

> *लिवाङ्ग ४ का एक स्थानीय पुरुष (उत्तरदाता–४५) तर्क गर्छन्, 'गाविस कार्यालय आफैले विनियोजन गर्ने बजेटको नियमन तथा अनुगमन गर्नमा असफल छ' । स्थानीय निकायको चुनाव नहुँदा सेवा प्रवाहका कागजी कामकारबाहीका केही प्रक्रियाहरू परिवर्तन भएकाछन्, तर यी नयाँ प्रक्रियाहरू त्यति जटिल नभएको बताउँछन् उनी । पहिले पहिले कुनै सेवाको पहुँचकालागि स्थानीय स्तरमा निर्वाचित निकाय/व्यक्तिबाट अनुमति सहितको पत्र आवश्यक पर्दथ्यो तर अहिले त्यो अवस्था छैन । स्थानीय निकाय राजनीतिक प्रतिनिधिविहीन भएको हालको अवस्थामा गाविस सचिवले दोहोरो भूमिकामा काम गर्दै आएकाछन्, यसै कारणले पनि विकासको प्रगति सुस्त छ । सरकारले नीतिनिर्माण मात्र गरेको तर तिनको कार्यान्वयन तथा अनुगमन गर्न नसकेकोमा असन्तुष्टि प्रकट गर्छन् उत्तरदाता–४५ । नीतिनिर्माण गर्ने तर कार्यान्वयन तथा अनुगमनमा बेवास्ता गर्ने यो शैली उचित सेवाप्रवाह गर्नमा राज्य असफल देखिनुको मुख्य कारण हो । त्यसैले केन्द्रीय सरकारले सेवा प्रवाहको आवश्यक मूल्याङ्कन गर्ने, जवाफदेहिता तथा पारदर्शिता कायम भए–नभएको हेर्ने काम सुनिश्चित गर्न अत्यावश्यक छ ।*

उत्तरदाता–४२ बताउँछन्ः

> *खानेपानी व्यवस्थापन समितिले यहाँका मानिसको खानेपानीसम्बन्धी आवश्यकताहरू पूरागर्न सघाउ पुऱ्याएकाछन्, यो सन्तोषजनक कुरा हो । तर सेवा प्रवाह र त्यसको अनुगमनमा गाविसको न्यून भूमिका देखिएको छ, म त्यसप्रति असन्तुष्ट छु । प्रभावकारी सेवा प्रवाहमा गाविसले आफ्नो तर्फबाट न्यूनतम भूमिका पनि निवार्ह गर्न नसकेको जस्तो लाग्छ मलाई । गाविसबाट विनियोजित हुने बजेटमा पनि पारदर्शिता छैन । स्थानीय स्तरमा जवाफदेही तथा प्रभावकारी खानेपानी व्यवस्थापनमा गाविसले खासै भूमिका खेल्न सकेको छैन । गाविसले बजेट विनियोजन गर्नुमात्र आफ्नो काम हो जस्तो गर्दै आएको देखिन्छ ।*

लिवाङ्ग ५ की स्थानीय एउटी दलित महिला (उत्तरदाता–२४)ले गाविसस्तरमा हुने प्रशासनिक झमेलाका सन्दर्भमा यसो भन्छिन् :

> *कठै, विचरा गाविस ! गाविसले सेवा प्रदायकलाई नियन्त्रण तथा नियमन गर्न कसरी सक्थ्योर ? खानेपानी सेवाप्रवाहमा प्रभावकारी अनुगमन गर्न चुकेकोमा गाविसप्रति म सन्तुष्ट छैन । हुनसक्छ, गाविसमा श्रम शक्तिको*

*अभाव छ । मलाई त गाविस सचिवप्रति नै दया लाग्छ, विचरा ऊ एक्लैले के गर्न सक्छर ? यद्यपि, गाविस कार्यालयले गाविसबाट कुनै कार्यक्रमका लागि कति बजेट विनियोजन गरिएको हो, कति खर्च भयो र सेवाको अवस्था कतिको स्तरीय रहेकोछ भन्नेकुरामा ध्यान दिएको हुन्थ्यो त सेवाप्रवाहको अवस्था केही बढी राम्रो हुन्थ्यो ।*

आफ्नो ठाउँमा सार्वजनिक सेवामा पर्याप्त लगानी नभएको बताउँदै बुढागाउँ ९ का स्थानीय एकजना (उत्तरदाता–३६) को दाबी यस्तो छः

*स्थानीय सरकारले उपलब्ध गराँउदैआएको बजेट पर्याप्ति छैन । यो क्षेत्रमा खानेपानी आपूर्तिको विकराल अवस्था छ । तर स्थानीय सरकार उचित खानेपानी सेवाप्रवाह गर्न अहिलेसम्म सक्षम भएको छैन ।*

केन्द्रीय सरकारले अझ बलियो र महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताउँदै उत्तरदाता–३६ पुन थप्छन्ः

*केन्द्रीय सरकार आममानिसका आवश्यकताहरू परिपूर्ति गर्न प्रतिवद्ध हुनपनि सक्छ । आधारभूत सेवासम्बन्धित कार्यक्रमकालागि भनेर स्थानीय सरकारलाई केन्द्रीय सरकारले नै बजेट विनियोजन गर्दछ । मलाई लाग्दैन कि केन्द्रीय सरकार स्थानीय सेवाप्रदायकहरूमाथि नियन्त्रण राखी प्रवाहित सेवा तथा पहुँचका प्रक्रियाआदिलाई पारदर्शीतथा जवाफदेही बनाउन सक्षम छ ।*

'स्थानीय आवश्यकता तथा उपलब्ध स्रोतहरूको सम्भाव्यतालाई बुझेर सार्वजनिक सेवाप्रवाहकालागि रकम उपलब्ध गर्नु स्थानीय सरकारको जिम्मेवारी हो र यसमा केन्द्रीय सरकारले गर्ने भनेको आर्थिक–प्राविधिक सहयोगमात्र हो', उत्तरदाता–३२ यसरी थप तर्क गर्छन्ः

*स्थानीय स्तरमा सेवा प्रवाह गर्नेभनेको स्थानीय सरकारले नै हो, त्यसैले कार्यक्रमहरूको प्रभावकारिता कायम राख्ने, पारदर्शिता कायम गर्ने जस्ता कामहरूमा स्थानीय सरकारनै सचेत रहनुपर्छ ।*

स्थानीय सरकारले स्थानीय स्तरमा खानेपानी सेवाको अवस्था सुधारगर्न कुनै महत्वपूर्ण भूमिका निभाएको कुरा पत्याउँदैनन् बुढागाउँ गाविस ९ का एकजना स्थानीय (उत्तरदाता–३०) । उनी थप्छन्ः

*स्थानीय सरकारले खानेपानी सेवा सुधारकालागि पनि पक्कै बजेट प्राप्त गरेको हुन्छ भन्ने मेरो अनुमान छ । तर मेरो विचारमा त्यो बजेट हाम्रो क्षेत्रमा विनियोजन भएको छैन । किनभने यहाँ बजेट विनियोजनमा प्रभाव पार्नसक्ने स्थानीय राजनीतिक तथा सामाजिक व्यक्तिहरू नै छैनन् । यदि स्थानीय निकायमा निर्वाचित प्रतिनिधिहरू पनि हुन्थे भने अवस्था तुलनात्मकरूपमा राम्रो हुनसक्थ्यो । किनभने यस्तो अवस्थामा निर्वाचित राजनीतिक प्रतिनिधिहरू मार्फत स्थानीय सरकारसँग जनताको प्रत्यक्ष सम्बन्ध हुन्थ्यो ।*

स्थानीयस्तरमा खानेपानीका सेवाहरू प्रभावकारी रूपले प्रवाह गरिएको छ भन्ने कुरा पूर्णतया सुनिश्चित गर्न केन्द्रीय सरकार कटिबद्ध नभएको मान्छन् तिनै उत्तरदाताः

*स्थानीय स्तरमा सेवाप्रदायकहरूमाथि नियन्त्रण कायम गरी उनीहरूले राम्रोसँग सेवा प्रवाह गरे–नगरेको, सेवा र यसका प्रक्रिया पारदर्शीतथा जवाफदेही भए–नभएको अनुगमन गर्न सकेको छैन केन्द्रीय सरकारले ।*

उनले बताएअनुसार, यदि राज्य स्थानीय मानिसहरूका आधारभूत आवश्यकताहरू पनि पूरागर्न सक्तैन भने, राज्य 'असक्षम अभिभावक' हो ।

उत्तरदाता–३९ (क्षत्री महिला, लिवाङ्ग ४)लाई केन्द्रीय सरकार प्रभावकारी सेवाप्रवाहकालागि प्रतिवद्ध नभएजस्तो लाग्छ । उनी भन्छिन्, 'यदि प्रदिवद्ध हुन्थ्यो भने के यहाँ नियमित र गुणस्तरीय सेवा प्रवाह हुँदैनथ्यो त ?' सेवा प्रवाहकै सवालमा उत्तरदाता–४९ (क्षत्री महिला, बुढागाउँ७) केन्द्रीय सरकारको भूमिकाप्रति यसरी व्यङ्ग्य गर्छिन्ः

*[हाँस्दै] अँ, हो ! केन्द्रीय सरकार पनि हुन्छ भन्ने हामीले सुनेका छौं तर त्यो भनेको के हो हामीलाई थाहाछैन । मैले मेरो यो उमेरसम्म हेर्दा यो ठाउँकालागि बजेट छुट्याएको थाहा पाएकी छैन ।*

उत्तरदाता–४३ (क्षत्री महिला, लिवाङ्ग ५)काअनुसार केन्द्रीय सरकारलाई स्थानीय आवश्यकता सुनाउनु पर्ने जिम्मेवारी आफूले चुनाव जिताएर काठमाडौँ पठाएका नेताहरूको हो । तर बिडम्वना, उनको अनुभवपनि सकारात्मक हुनपाएन । उनलाई लाग्छ :

*हामीले चुनेर पठाएका नेताहरूकालागि काठमाडौँ सरकार/केन्द्रीय सरकार / भ्रष्टाचार गर्ने केन्द्र बनेको छ । त्यहाँ कार्यक्रम भन्दा भ्रष्टाचार बढी हुन्छ ।*

यसप्रकार, अधिकांश उत्तरदाताबाट प्राप्त प्रतिक्रियाको निचोड अनुसार, आममानिसले केन्द्रीय सरकारको स्थानीय सरकारसँग हुने सम्बन्ध नै बुझ्न पाएकाछैनन् । चुनाव जितेर काठमाडौं छिरेका उनीहरूका दलका प्रतिनिधिहरू दुर्लभै गाउँ फर्किन्छन् । उनीहरू शहरमै सुखसयलको जीवन व्यतीत गर्ने गरेको बताउँछन् अधिकांश उत्तरदाताहरू । उत्तरदाता–४२ तर्क गर्छन्:

*स्थानीय मानिसहरू स्थानीय सरकारसँग बढी परिचित हुनेभएकाले सेवाप्रवाह गर्ने काम स्थानीय सरकारको हो, जब कि योजना तर्जुमा गर्ने र बजेट पठाउने काम केन्द्रीय सरकारको हो । खानेपानीमा आफ्ना नागरिकको पहुँच भए–नभएको सुनिश्चित गर्ने जिम्मा पनि केन्द्र सरकारको हो ।*

लिवाङ्ग ५ को एक दलित परिवारकी सदस्य (उत्तरदाता–२४)का अनुसार, स्थानीय मानिसहरूका आधारभूत आवश्यकताहरू परिपूर्ति गर्ने काम राज्यको जिम्मेवारी हो । राज्यले एक जिम्मेवार अभिभावकलेजस्तै गरेर आफ्ना नागरिकका आवश्यकताको ख्याल राख्नुपर्दछ । स्थानीय सरकारले सार्वजनिक सेवाहरू प्रदान गर्नुपर्दछ तर लगानी गर्ने भनेको राज्यले नै हो । उनको विचारमा आधारभूत आवश्यकता सम्बन्धित सार्वजनिक सेवाहरू निशुल्क उपलब्ध हुनुपर्छ । उनी भन्छिन्:

*खानेपानीका स्रोतहरू प्राकृतिकरूपमा निशुल्क उपलब्ध स्रोत हुन्, त्यसैले राज्यले खानेपानी सेवामा व्यापार गर्नुहुँदैन । पानीजस्तो निशुल्क उपलब्ध स्रोतमा पनि यदि राज्यले शुल्क लिन्छ भने हामीले लिने अक्सिजनमा पनि राज्यले किन पैसा नअसुल्ने ?*

अन्य धेरै उत्तरदाता जस्तै उनको पनि एउटै मान्यता देखिन्छ – खोनेपानीमा नागरिकको पहुँच भए–नभएको निश्चित गर्ने काम केन्द्रीय सरकारको हो र गुणस्तरीय खानेपानी उपलब्ध गराउने तथा जवाफदेहिता पूरागर्ने जिम्मेवारी स्थानीय सरकारको हो । केन्द्रीय सरकारले स्थानीय सरकारलाई आर्थिक तथा प्राविधिक सहायता गर्नुपर्दछ ।

गुणस्तरीय सेवा प्रवाहका सवालमा स्थानीय सरकारका निकायहरूले बजेटको विनियोजन कसरी गरेकाछन्, के के कार्यक्रमकालागि कति खर्च भयो र परिणाम कस्तो रह्यो भन्ने बारेमा समुदायका मानिसहरूले पनि कम चासो देखाउने गरेको कुरा यस अध्ययनले पत्ता लगाएको छ । उत्तरदाता–३७ (जनजाति महिला, लिवाङ्ग) लाई लागेअनुसार यदि स्थानीय निकायको चुनाव हुन्थ्यो र दलका स्थानीय प्रतिनिधि चुनिन्थे भने समुदायका मानिसले आफ्ना प्रतिनिधि मार्फत स्थानीय सरकारसँग सोझो सम्पर्क स्थापित गर्नसक्थे र सेवा प्रवाहलाई जवाफदेही बनाउन दबाब दिनसक्थे । 'सेवा प्रवाहमा राज्यको उपस्थिति भयोभने मात्र हामी सुरक्षित महसुस गर्छौं', उनी थप्छिन् । लिवाङ्ग ८ मापनि खानेपानीको अवस्था गाविसका अन्य दुर्गम वडाकोभन्दा धेरै फरक छैन् । यहाँपनि अधिकांश स्थानीयहरूले स्थानीय सरकारको सहयोग विना नै आफ्नो खानेपानीको व्यवस्थापन आफैँ गर्दै आएकाछन् । उत्तरदाता–३२का अनुसार, 'यहाँका मान्छेहरू नै गुनासो गर्दैनन्, त्यसैले होला स्थानीय सरकारपनि यहाँका आवश्यकतामा ध्यान दिन जरुरी ठान्दैन' । केन्द्रीय सरकारले कार्यक्रम निर्क्योल त गर्छ तर आवश्यक संसाधन समयमा प्राप्त हुँदैन । कार्यक्रमलाई प्रवाभकारी बनाउन अनुगमनको संयन्त्र अत्यावश्यक देखिन्छ । अर्कातर्फ पारदर्शिता कायम राख्ने केन्द्रीय सरकारको ध्येय पनि प्रस्ट हुनसकेको छैन ।

नेपालमा सार्वजनिक सेवाहरूको प्रवाह र यस सम्बन्धी व्यवस्था धेरैजसो 'अकर्मण्य, प्रभावहीन, नोकरशाहीप्रवृत्तिको तथा सहभागितामूलक नभएको'[६] बताउने गरिन्छ र समग्र सार्वजनिक सेवाप्रवाहमा राज्यको भूमिकाप्रति नै नकारात्मक अवधारणा रहिआएको पाइन्छ । तर, वास्तवमा यो सँधैको सत्य भने होइन, किनकि स्थानीय स्तरमा सार्वजनिक सेवा प्रवाहको व्यवस्थाले नै 'सरकारको उपस्थितिलाई धानीरहेको'[७] देखिन्छ ।

आममानिसको राज्यप्रतिको दृष्टिकोण र सार्वजनिक सेवाहरूमा राज्यको भूमिका कस्तो छ भन्ने सवालमा उनीहरूले गरेको मूल्याङ्कनले राज्यलाई सार्वजनिक सेवाप्रदायकका रूपमा आफूले प्रवाह गर्ने सेवाहरूमा सुधार गर्न सहयोग गर्दछ । पाउल र शेखर (१९९७) का अनुसार, सार्वजनिक सेवाको पहुँच, विश्वसनीयता, छरितोपन, तथा पर्याप्ततासँग आममानिसका अनुभवहरू गाँसिने भएकाले राज्यले उनीहरूका दृष्टिकोणलाई बुझेर सोहीअनुरूप नीति निर्माण र कार्यान्वयन गर्नु महत्वपूर्ण हुन्छ ।

सेवा प्रवाहको लक्षित समूह हुने भएकाले स्थानीयहरूले सेवाका राम्रा–नराम्रा पक्षहरू सजिलै केलाउन सक्छन्, जसले उनीहरूलाई सेवाप्रतिको आफ्नो दृष्टिकोण तत्काल बनाउन सघाउँछ । यस्तो अवस्थामा, स्थानीयहरूको सेवाप्रवाहलाई हेर्ने नजर कस्तो छ र उनीहरूका सुझाव के के छन् तिनको अध्ययनले राज्य वा जुनसुकै स्तरका सेवा प्रदायकलाई विद्यमान अवस्थाको गहन विश्लेषण गर्न सघाउँछ र सोहीअनुरूप सेवामा सुधार गर्न प्रेरित गर्दछ । सेवाप्रवाहप्रति आमअवधारणा तथा जनगुनासाको स्पष्ट सम्बोधन भएको खण्डमा मात्र सेवा प्रदायक/राज्य र सेवाग्राही/आममानिस बीचको असहज दूरी/असमझदारी घट्ने देखिन्छ । कहिलेकाहीँ मानिसहरू अपुरोआवश्यकता सम्झदै राज्यप्रतिको दृष्टिकोण बनाइरहेका हुन्छन् । राज्यले प्रवाह गरेका अन्यसेवाहरूको समीक्षा नगरीकन अपेक्षित कुनैएक विशिष्ट सेवामा पहुँच नभएकोअनुभवका आधारमा समग्रमा राज्यप्रति बनाएको अवधारणाले धरातलीय यथार्थ देखाउन त सक्दैन, यद्यपि यस्ता अवधारणाहरूको समीक्षाले पनि समस्या समाधानमा सघाउने प्रस्ट छ ।

## ६ छलफल तथा निष्कर्ष

रोल्पाका दुर्गम गाउँहरूमा खानेपानी सेवा प्रवाहको अवस्था नाजुक देखिन्छ । उकालो–ओरालो जमिन, न्यून वर्षा, प्राविधिक क्षमताको अभाव र राज्यको कमजोर उपस्थिति आदि प्रभावकारी खानेपानी सेवाप्रवाहको प्रमुख बाधककारूपमा देखिन्छन् । अध्ययन गरिएको क्षेत्र भौगोलिक तथा भौतिकरूपले पछाडि परेको देखिन्छ र त्यहाँ प्रभावकारी संचारलगायत भौतिक संरचनाहरूको पनि अभाव देखिन्छ ।

अध्ययनको नतिजाले देखाएअनुसार, सर्वेक्षण गरिएका मध्येका अधिकांश घरधुरीहरूले आफ्नो घर या घर– परिसरमा खानेपानीको सेवा प्राप्त गर्न सकेकाछैनन् (तथ्याङ्क ४ मा हेर्नुहोस्ः ३.५ प्रतिशत घरधुरीले मात्र घर या घर–परिसरमा खानेपानीको सेवा प्राप्त गर्न सकेको देखिन्छ, जबकि ८८.३ प्रतिशतले खानेपानीको जोहो गर्न आधाघन्टासम्म यात्रा गर्नुपर्ने देखिन्छ) । आफूले प्रयोग गर्दैआएको स्रोतमा खानेपानी'सधैँ उपलब्ध हुन्छ' भन्ने धारणा राखेका कूल ४५.९ प्रतिशत घरधुरीले पनि सेवा आफ्नै घर या घर–परिसरमा प्राप्त गरेका होइनन् र उनीहरूले प्राप्त गरेको खानेपानीको गुणस्तर पनि सन्तोषजनक छ भन्ने अर्थ लाग्दैन (तथ्याङ्क ७ मा हेर्नुहोस् । खानेपानी सेवाप्रवाहको यस्तो निराशाजनक अवस्थाले उपभोक्ताको बढ्दो माग र विकासको दरबीच असन्तुलन रहेको देखिन्छ । त्यसैले बढ्दै गरेको खानेपानी आपूर्तिको समस्या समाधान गर्न दीर्घकालीन योजना बनाएर र समग्र सेवालाईनै उचित व्यवस्थापन गर्दै स्थानीय स्तरमा सुरक्षित जीविकोपार्जनको दीर्घकालीन योजना बनाउन अत्यावश्यक छ । खानेपानी सेवा प्रवाहमा पहुँचको सवाल मुख्य विषय भएपनि अन्य कुराहरू जस्तै, सेवाको गुणस्तर, सेवाप्रदायकको जवाफदेहिता र सेवाप्रवाहमा आममानिसको अपनत्व पनि उत्तिकै महत्वपूर्ण हुने देखिन्छ ।

---

[६] थप यहाँ हेर्नुहोसःhttp://trn.gorkhapatraonline.com/index.php/op-ed/10512-flaws-in-the-citizen%E2%80%99s-charter-thaneshwarbhusal.html.

[७] माथिल्लै स्रोत अनुसार ।

उत्तरदाताहरूले सहमति जनाएअनुसार र स्थानीय अधिकारीहरूले दावी गरे अनुसार, ग्रामीण तथा शहरी क्षेत्रमा विनियोजन हुने बजेटको दरमा रहनेअसमानता घट्दै गएको भन्ने भनाइमा आंशिक सत्यता भएपनि विद्यमान असमानता अझैपनि अध्ययनको महत्वपूर्ण विषय हो। जिल्लाको सदरमुकाम या केही शहरी परिवेशमा मात्रै खानेपानीको सेवाको विस्तारितरूप देखिनुले स्रोतको असमान वितरणको निरन्तरता भएको पुष्टि हुन्छ। सेवामा पहुँचकै सवालमा, धेरै धनी र धेरै गरिब घरधुरीबीच ठूलो अन्तर देखिन्छ। अध्ययन क्षेत्रमा कहीँकहीँ खानेपानीका स्रोतहरू प्रचुरमात्रामा भएतापनि आर्थिक-प्राविधिक क्षमता कम भएका स्थानीयले अझैसम्मपनि असुरक्षित खानेपानीका स्रोतहरूबाट कम गुणस्तरको खानेपानी उपभोग गरिरहेको देखिन्छ । जुन घरधुरीहरू सबैभन्दा बढी गरिब छन्, तिनै घरधुरीहरूका आधारभूत सेवाप्रवाहमा अत्यन्त कम पहुँच भएको देखिन्छ। धनी व्यक्ति, सामाजिक हिसाबमा कुलीन तथा राजनीतिकहिसाबले प्रभावकारी मानिस हुने समुदायमा भने खानेपानी आपूर्तिको अवस्था तुलनात्मकरूपमा राम्रो देखिन्छ। कम आयआर्जन, कम राजनीतिक सम्बन्ध तथा सीमित जलस्रोत भएका दुर्गम र अविकसित गाउँहरूमा सफा र सुरक्षित खानेपानी सेवा प्रवाहको प्रगति अत्यन्तै सुस्त छ।

रोल्पामा छुवाछूतको परम्परागत मान्यता धेरैहदसम्म उन्मूलन भएको देखिन्छ । माओवादी आन्दोलन र सरकारको लगातारको सक्रियताले जातजातिका आधारमा हुने छुवाछूत अन्त्य गर्नमा प्रमुख भूमिका खेलेका छन् । छुवाछूतका सवालमा रोल्पामा धेरै प्रगति भएको देखिन्छ। यद्यपि खानेपानी आपूर्ति र उपयोगको सवालमा लैङ्गिक विभेद भने यथावत देखिन्छ। खानेपानीको जोहो गर्ने तथा घरधुरीका विभिन्न काममा पानीको उपयोग गर्ने लगायतका कामहरू धेरैजसो महिलाले मात्रै गर्नुपर्ने अवस्थाका कारण उनीहरूको शिक्षा, जीविकोपार्जन र समग्रमा सामाजिक जीवनमा नै असर परेको यस अध्ययनले देखाउँछ।

प्रभावकारी खानेपानी सेवा सुनिश्चित गर्नुभनेको खानेपानीका स्रोतहरूको व्यवस्थापनमा सुधार गर्नु, भौतिक संरचनामा लगानी गर्नु, सुरक्षित संकलन केन्द्र बनाउनु, सुरक्षित खानेपानीका बारेमा संचेतना जगाउनु, शुद्धीकरणका घरेलु उपाय अपनाउन सचेत पार्नु र घरधुरीमा वर्षातको पानी संकलनको व्यवस्थालाई मजबुत बनाउनु पनि हो । मागअनुसार खानेपानीसेवा विस्तार, समान वितरण र चुहावट नियन्त्रणमा केन्द्रित रहेर प्रभावकारी खानेपानी सेवाको व्यवस्थापन गर्नु नै पहिलो र सार्थक उपलब्धि हुने देखिन्छ। रोल्पामा समग्र खानेपानी सेवाप्रवाहको अवस्थाको मूल्याङ्कन तथा सर्वेक्षणबाट प्राप्त नतिजाको विश्लेषणबाट यस अध्ययनले सरोकारवालाहरूलाई निम्न अनुसार सुझाव पेश गर्दछः

(क) कानुनी बाधा/व्यवधानहरूमा सुधार गर्ने/हटाउने।

(ख) सुख्खा ठाउँहरूमा विशेषगरी हिँउदयामकालागि खानेपानी व्यवस्थापन गर्नेखालका संस्था/समिति बनाउने र वाटर-वैङ्क (पानी संकलन केन्द्र) को स्थापना गर्ने।

(ग) वडा /गाविस/जिल्लामा जलस्रोतको विकासमा परस्पर सहकार्य र विभिन्न निकायमा पनि परस्पर सहकार्यको वातावरण निर्माण गर्ने।

(घ) भौगोलिक अवस्था जटिल भएको र स्रोतहरूमा पनि खानेपानीको चरम अभाव बढ्दै गरेको सन्दर्भमा खानेपानीको मितव्ययी प्रयोगमा समायोजित हुने।

# सन्दर्भ सूची

**आचार्य, जी.** (२०१५). *'कन्फ्लिक्ट एण्ड कोअपरेसन डाइनामिक्स अफ पोलिटिक्स इन साउथ एसियन वाटर सेक्युरिटी',* अनिल, एस.एस., हारोन, यु. टी र नियाजी, आई., (सम्पादक), क्रिएटिङ्ग मोमेनटमः टुडे इज टुमरो. इस्लामावादः सस्टेनेवल डिभेलपमण्ट पोलिसी इन्स्टिच्युट (एसडिपिआई) र साँग–इ–मिल प्रकाशन (लाहोर): पेज २९५ – ३०९ ।

**अलि, एम., डोलान, जे. र भउक्स, टी.,** (२०११). 'केस स्टडीः नेपालः स्टेट व्युल्डिङ्ग, पिस व्युल्डिङ्ग एण्ड सर्भिस डेलिभरी इन फ्रजाइल एण्ड कन्फ्लिक्ट –अफेक्टेड स्टेट'. प्राक्टिकल एक्सन, सेभ द चिल्ड्रेन र सिएफबिटी ।

**बेरी, सी., र इग्वोइमेका, ए.,** (२००५). 'सर्भिस डेलिभरी इन डिफिकल्ट इन्भाइरोमेन्ट्सः इस्यु अराइजिङ्ग फ्रम डिएफआइडी सपोर्ट ट टु हेल्थ सेक्टर इन्टरभेन्सन इन बर्मा, अफगानिस्तान एण्ड नेपाल'. डिएफआइडीकालागि तयार गरिएको प्रतिवेदन ।

**भुसाल, टी.,** (मिति उपलब्ध नभएको). 'फ्ल्ज इन द सिटिजन्स चार्टर'. गोरखापत्र अनलाइन (http://trn.gorkhapatraonline.com/index.php/op-ed/10512-flaws-in-the-citizen's-charter-thaneshwarbhusal.html) ।

**सिबिएस र युनिसेफ,** (२०१२). 'नेपाल मल्टिपल इन्डिकेटर क्लस्टर सर्भे २०१०: मिड–एण्ड–फार वेस्टर्न रिजन्स'. काठमाण्डौः सेन्ट्रल ब्युरो अफ स्टाटिस्टिक्स र युनाइटेड नेसन्स चिल्ड्रेन्स फण्ड ।

**स्थानीय स्वायत्त शासन ऐन २०५५,** (१९९९). श्री ५ को सरकार, कानुन तथा न्याय मन्त्रालय, कानुनी किताब व्यवस्थापन बोर्ड, काठमाण्डौ ।

**जलस्रोत मन्त्रालय,** (१९९२क). 'वाटर रिसोर्सेस् रेगुलेसन २०५०'. काठमाण्डौः जलस्रोत मन्त्रालय, नेपाल सरकार ।

**जलस्रोत मन्त्रालय,** (१९९२ख). 'वाटर रिसोर्सेस् एक्ट २०४९'. काठमाण्डौः जलस्रोत मन्त्रालय, नेपाल सरकार ।

**जलस्रोत मन्त्रालय,** (२००२). 'वाटर रिसोर्सेस् स्ट्राटेजी नेपाल (२००२)' को अन्तिम स्वीकृत संस्करण. काठमाण्डौंःजलस्रोत मन्त्रालय ।

**पाउल, एस. र शेखर, एस.,** (१९९७). 'अ रिपोर्ट कार्ड अन पव्लिक सर्भिसेस् : अ कम्पारेटिभ एनालाइसिस अफ फाइभ डिस्ट्रिक्ट इन इन्डिया'. रिजनल डायलोग, १८(२) ।

**रेग्मी, ए.आर.,** (२००७). 'वाटर सेक्युरिटी एण्ड फारमर म्यानेज्ड इरिगेसन सिस्टम अफ नेपाल', स्वाइन, ए. र रोटवर्ग, एफ., (सम्पादक), न्याचुरल रिसोर्सेस् सेक्युरिटी इन साउथ एसियाः नेपाल्स वाटर. स्टोकहोल्मः इनस्टिच्युट फर सेक्युरिटी एण्ड डिभेलपमन्ट पोलिसीः ६९–११२ ।

**सिग्देल, एस., र शर्मा, एस.एस.,** (२०१३). 'इन्क्लुजिभ् गभर्नेन्स इन नेपाल'. पोलिसी व्रिफ. इनेवलिङ्ग स्टेट प्रोग्राम अफ डिएफआइडी (www.edgroup.com.au/wp-content/uploads/2014/03/ESP-IG-Policy-Brief-Final.pdf) ।

**युएनसिइडी** (१९९२). 'द डब्लिन स्टेटमेन्ट अन वाटर एण्ड सस्टेनेवल डिभलपमन्ट'. रियो दी जेनेरियोः युनाइटेड नेसन्स कन्फरेन्स अन इनभारनमेन्ट एण्ड डिभलपमन्ट (युएनसिइडी). प्रिन्सिपल नं. ४. हेर्नुहोस्: http://www.wmo.int/pages/prog/hwrp/documents/english/icwedece.html. ।

**युएनडिपी** (२००८). 'भुटान्स प्रोग्रेसः मिडवे टु द मिलेनियम डिभलपमन्ट गोल्स. युएनडिपी ।

**उप्रेती, बी.आर., उप्रेती, पी., हागेन-जङ्कर, जे., केशी, एस., र मलेट, आर.,** (२०१४). 'सर्भेइङ्ग लाइभ्लिहुड्स, सर्भिस डेलिभरी र शासनः वेशलाई नाइभिडेन्स फ्रम नेपाल. कार्यपत्र १३. सेक्योर्ड लाइभ्लिहुड्स रिसर्च कर्न्सोटियम (एसएलआरसी) र नेपाल सेन्टर फर कन्टेम्पोरेरी रिसर्च रिर्शच (एनसिसिआर) ।

**उप्रेती, बी.आर**. (२००७). 'चेन्जिङ्ग पलिटिकल कन्टेक्स्ट, न्यू पावर रिलेसन एण्ड हाइड्रो-कन्फ्लिक्ट इन नेपाल', स्वाइन, ए. र रोटवर्ग, एफ., (सम्पादक), न्याचुरल रिसोर्सेस् सेक्युरिटी इन साउथ एसियाः नेपाल्स वाटर. स्टोकहोल्मः इन्स्टिच्युट फर सेक्युरिटी एण्ड डिभेलपमन्ट पोलिसीः १७-४७ ।

**डब्ल्यूइकसिएस** (२०११). वाटर रिसोर्सेस्अफ नेपाल इन द कन्टेक्स्ट अफ क्लाइमेट चेन्ज २०११. काठमाण्डौः वाटर एण्ड इनर्जी कमिसन सेक्रेटरियट ।

**वेल्वेर, ई**. (२०१२). कन्टेक्स्चुअलाइजिङ्ग जेण्डर इक्वेलिटी एण्ड सोसल इन्क्लुजन इन द डब्ल्युएएसएच (वास) सेक्टरः लोकेटिङ्ग आरडब्ल्युएसएसपी-डब्ल्युएन्स् लोकल लेभल गोल्स इन लार्जर फ्रेमवर्क्स (www.rwsspwn.org.np/wpcontent/ uploads/2012/05/Contextualizing-Gender-Euality-and-Social-Inclusin-in-WASH-Sector.pdf) ।